नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

वर्ष ३ • अंक २५२ • २०८२ साल श्रावण १५ गते बिहीबार • Thursday 31, July 2025 • सूर्योदय: बिहान ५:२९ बजे • सूर्यास्त: साँझ ६:५४ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## आज ८० लाख लिटर दूध खपत हुने अनुमान

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल डेरी एसोसिएशनले बिहीबार झन्डै ८० लाख लिटर दूध खपत हुने अनुमान गरेको छ । खीर दिवसका अवसरमा झन्डै ८० लाख लिटर दूध खपत र त्यसबापत एक अर्ब ४० करोड रुपैयाँको कारोबार हुने अनुमान गरेको एसोसिएशनका अध्यक्ष प्रह्लाद दाहालले जानकारी दिए । उनका अनुसार उपभोक्ताको माग अनुसार बजारमा दूध उपलब्ध हुनेछ । सरकारले २०७७ सालको फागुनमा निर्णय गरी २०७८ सालदेखि साउन १५ गतेलाई खीर खाने दिवसका रूपमा मनाउन थालेको हो । खीर खाने दिवस मौलिक संस्कृतिसँग जोडिएको दिन पनि हो । परम्परादेखि नै किसानहरूले साउन १५ गते खीर खाने चलन छ ।

# खडेरीका कारण मधेशमा खाद्यान्न संकटको सम्भावना



बारा, पर्सा र रौतहटमा गण्डक नहरमा पूर्णरुपमा पानी दिएको खण्डमा समस्या समाधान हुने छ, मन्त्रालयले स्यालो टयुबेल विरतणको कार्यहरुलाई अगाडि बढाउँदैछ । पानी परेको खण्डमा केही हदसम्म किसानको समस्या समाधान हुने छ । नत्र नयाँ तथ्यांक संकलन गरेर खडेरी प्रभावित किसानलाई राहतको व्यवस्था दिन आवश्यक पहल गर्ने छौँ ।
–**जर्नादन सिंह क्षेत्री**, मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
आधा साउन बित्न लाग्दा पोहोरपरार किसान रोपाइँ गरेर थकाई मार्ने तरखरमा हुन्थे तर यसवर्ष भने पर्याप्त पानी नपरेका कारण तराईमा अपेक्षाकृत रोपाइँ हुनसकेको छैन । मधेश प्रदेश सरकारले तराईलाई सुक्खाग्रस्त क्षेत्र घोषित गरेको छ भने संघीय सरकारले समेत प्रदेशलाई विपत प्रभावित क्षेत्र घोषणा गरेको छ । मधेशमा धेरैजसो खेती आकाशे पानीका भरमा हुने गर्छ तर यसवर्ष मौसम अनुकुल नभएका कारण तराई मधेसमा खेडरी परेको छ । खडेरीका कारण तराई मधेशमा खाद्यान्न संकटको सम्भावना बढेर गएको छ ।

कृषिक्षेत्र नेपालको आर्थिक विकासको मेरुदण्ड हुनुका साथै देशको समृद्धिको मूल आधार हो । यस क्षेत्रले ग्रामीण क्षेत्रमा जनजीविकाको मुख्य स्रोतका रूपमा योगदान पुर्याउँदै आएको छ । हाल कृषि क्षेत्रले राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको २४.१ प्रतिशत योगदान पुर्याउनुका साथै ५०.४ प्रतिशत जनसंख्यालाई रोजगारी प्रदान गर्दै आएको छ । समग्र रोजगारी सिर्जना र गरिबी निवारणमा कृषि क्षेत्रको महत्त्वपूर्ण भूमिका छ । मधेश प्रदेश सरकारले दोश्रो आवधिक योजनामा प्रदेश योजनाले पनि कृषिलाई अर्थतन्त्रको मेरुदण्डका रूपमा स्वीकार गर्दै 'मधेशले देशलाई खुवाउने अभियान' अघि सारेको छ ।

कृषिक्षेत्रलाई रूपान्तरण गरी नेपालको आर्थिक समृद्धि हासिल गर्न नेपाल सरकारले कृषि विकास रणनीति लागू गरेको छ । नेपालको समग्र आर्थिक विकासका सन्दर्भमा नेपाल सरकारको आवधिक योजना एवम् कृषि क्षेत्रका सन्दर्भमा कृषि विकास रणनीतिले मार्गनिर्देश गर्नेछ ।

कृषि यस प्रदेशको मुख्य आर्थिक आधार हो भने जनताको मुख्य पेसा र जीवन निर्वाहको मुख्य स्रोत पनि यही हो । प्रदेशका बहुसंख्यक कृषकले एक हेक्टरभन्दा कम जमिनमा खेती गरिरहेका छन् । आव २०७९–८० मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३५.२ प्रतिशत थियो भने नेपालको कुल कृषि गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान १९.१ प्रतिशत मात्र रहेको थियो ।

यो प्रदेश खाद्यान्नको भण्डारका रूपमा पनि परिचित छ । आव २०७८–७९ मा यस प्रदेशको ६लाख २० हजार ३ सय ७९ हेक्टर जमिनमा खाद्यान्न बालीको खेती गर्दा २२ लाख १० हजार ९ सय ८९ मेट्रिकटन खाद्यान्न उत्पादन भई ३.५६ मेट्रिकटन प्रतिहेक्टर उत्पादकत्व रहेको थियो । जुन देशको औसत उत्पादकत्व ३.०९ मेट्रिकटन प्रतिहेक्टर छ । खाद्यान्न बालीमध्ये धान यस प्रदेशको मुख्य बाली हो । आर्थिक वर्ष २०७८–७९ मा यस प्रदेशमा ३ सय ८१.८९८ हेक्टरमा धान खेती भई १३ लाख ८९ हजार २ सय ५ मेट्रिक धान उत्पादन भएको थियो । यस प्रदेशमा धान खेतीको ३.६४ मेट्रिक टन प्रतिहेक्टर उत्पादकत्व रहेको छ जुन देशको औसत उत्पादकत्व ३.४७ मेट्रिकटन प्रतिहेक्टरभन्दा बढी देखिन्छ ।

यस प्रदेशमा करिब ६५ प्रतिशत खेतीयोग्य जमिन छ । कुल खेतीयोग्य जमिनको करिब ७८ प्रतिशत कृषि जमिनमा खाद्यान्न, ११ प्रतिशत जमिनमा दलहन, ४ प्रतिशतमा नगदेबाली र ३ प्रतिशतमा तेलबालीको खेती हुँदै आएको छ । देशको कुल उत्पादनमध्ये करिब २०.५२ प्रतिशत खाद्यान्न, २०.७ प्रतिशत फलफूल, २५.८८ प्रतिशत तरकारी यसै प्रदेशमा उत्पादन गरिन्छ । यस प्रदेशमा आधारभूत खाद्य सुरक्षामा रहेको परिवार ८२.७ प्रतिशत र उच्च खाद्य असुरक्षित परिवार १.१ प्रतिशत रहेको छ ।

मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार हालसम्म प्रदेशभर जम्मा ४७ प्रतिशत मात्रै रोपाइँ भएको छ । यसले समेत मधेशमा खाद्यान्न संकटको अवस्था आउने सङ्केत जनाइएको छ ।

मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जर्नादन सिंह क्षेत्रीले संघीय सरकारलाई आवश्यक सहयोगको लागि दीर्घकालीन र अल्पकालीन गरी सुझावहरु दिएको र त्यसअनुसार सरकारले तत्काल काम गरेको खण्डमा केही समस्या हल हुने बताए ।

उनले अहिले बारा, पर्सा र रौतहटमा गण्डक नहरमा पूर्णरुपमा पानी दिएको खण्डमा समस्या समाधान हुने बताउँदै भोलिदेखि मन्त्रालयले स्यालो टयुबेल विरतणको कार्यहरुलाई अगाडि बढाइने बताए । 'अहिले पनि पानी परेको खण्डमा केही हदसम्म किसानको समस्या समाधान हुने सम्भावना छ तर भएन भने फेरि हामीले नयाँ तथ्यांक संकलन गरेर खडेरी प्रभावित किसानलाई राहतको व्यवस्था दिन आवश्यक पहल गर्ने छौँ,' उनले भने ।

प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार मधेश प्रदेशको महोत्तरी र बारा जिल्लामा विभिन्न क्षेत्रको भ्रमण गरेर समस्यामा रहेका किसानलाई सहयोगको आश्वासन दिए । जसले समेत किसान उनीहरुको पीडामा मलहम लाग्ने आसामा छन् ।

# जनताका मुद्दा स्थापित भएको रास्वपाको निष्कर्ष

*सभापति रवि लामिछाने दोषी ठहर नभएकाले रास्वपाले संसदीय दलको नेता परिवर्तन गर्ने विषय बैठकमा एजेन्डा नै बनाएन ।*



**मधेशदृष्टि**
**भैरहवा ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को संसदीय दलको बैठक भैरहवामा भएको छ । भैरहवाको रमादा होटलमा बसेको बैठकमा पार्टीका कार्यबाहक अध्यक्ष डिपी अर्याल, पार्टीका प्रमुख सचेतक सन्तोष परियारलगायत १५ सांसद सहभागी थिए ।

संसद्को चालु अधिवेशनको समीक्षा, कुलिङ अफ् पिरियड, संवैधानिक निकायको काम कारबाहीलगायत विषयमा छलफल गर्न बैठक बसेको प्रमुख सचेतक परियारले जानकारी दिए ।

बैठकपछि पत्रकारसँग संक्षिप्त कुरा गर्दै उनले संसद्मा रास्वपाले नेपाली जनताको मुद्दा स्थापित गराउन सफल रहेको बैठकको ठम्याइरहेको बताए । यस्तै भिजिट भिसा आवरणमा भएको भ्रष्टाचार, मानव बेचबिखन र मानव तस्करीको मुद्दा संसद्मा स्थापित गर्न रास्वपा सफल भएको उनले बताए । उनका अनुसार रास्वपा निजामती विधेयक, भ्रष्टाचारका मुद्दा, मालपोत प्रकरणलगायतका विषय अझै आन्दोलमै छ । 'अहिले संसद्मा जारी संसदीय गतिविधिको समीक्षा, भिजिट भिसाको आवरणमा भएको भ्रष्टाचारलाई संख्याका आधारमा सत्ता पक्षले सुनुवाइ नगरेका विषयमा पनि हामीले बहुआयमिक पक्षबाट छलफल गरेका छौँ,' सञ्चारकर्मीसँगको कुराकानीमा परियारले भने, 'संसद् जस्तो सार्वभौम कानून निर्माण गर्ने विधायिकामा पनि कार्यपालिकालगायत अन्य पार्टीको हस्तक्षेप, संसद्मा निजामति सङ्घीय विधेयकमाथि जुन प्रकारको आक्रमण भयो, कुलिङ अफ पिरियडमा जुन किसिमको बेइमानी भयो त्यसको विषयमा रास्वपाले जनताका मुद्दा संसद्मा स्थापित गराएको छ ।'

रास्वपाले अहिले गरिरहेको हस्ताक्षर अभियानमा अहिले केन्द्रीय नेता तथा सांसदहरू भैरहवामा गएर अभियानमा सहभागी हुन आएको परियारले बताए । उनले भैरहवा विमानस्थल सञ्चालनदेखि लुम्बिनीका पर्यटन व्यवसायीको मुद्दाप्रति रास्वपा गम्भीर रहेको र यसबारे संसद्मा कुरा उठाउने आश्वासन दिए ।

भैरहवामा भएको बैठकमा भने आगामी कात्तिक १७ गते हुने उपनिर्वाचनको विषयमा भने कुनै छलफल नभएको उनको भनाइ थियो । उनले भने, 'हामीले उम्मेदवारीको लागि आह्वान गरेका छौँ, र यो पार्टीको विषय भएकाले रुपन्देही ३ मा हुन गइरहेको उपनिर्वाचनको विषयमा संसदीय बैठकमा छलफल भएन ।'

उनले अबको आन्दोलनलाई अझ फराकिलो दायरामा गर्ने बताउँदै भ्रष्टाचारको विरोध सडक र सदनबाट गर्ने जिकिर गरे । उनले तत्कालकै लागि पार्टीको संसदीय दलको नेता परिवर्तन नगर्ने सङ्केत पनि गरे । सभापति रवि लामिछाने दोषी ठहर नभएकाले बैठकमा यस विषयमा कुनै छलफल नभएको उनको भनाइ थियो ।

## मधेशमा खानेपानी र सिँचाइको काम शुरू गर्न निर्देशन

**मधेशदृष्टि**
**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सुक्खा सङ्कटग्रस्त मधेश प्रदेशमा खानेपानी र सिँचाइको काम तत्काल शुरू गर्न निर्देशन दिएका छन् ।

सरकारले मधेश प्रदेशलाई सुक्खा सङ्कटग्रस्त क्षेत्र घोषणा गरेपछि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले गठन गरेको उच्चस्तरीय कार्यदलले तयार पारेको प्रतिवेदन बुझ्दै मन्त्री खड्काले कार्यदलले दिएको सुझावलाई तत्काल कार्यान्वयन गर्न र राहतदेखि सिँचाइका कामहरू शुरू गर्न निर्देशन दिए ।

विपद्लाई योजनामा होइन किसानको खेतमा सिँचाइ सुविधा पुग्नेगरी कार्यान्वयन गर्न आवश्यक रहेको उनको भनाइ थियो । 'अब ढिलो गर्नु भनेको जनताको भरोसा गुमाउनु हो, यो विषय सरकारको कार्यसूचीको पहिलो प्राथमिकतामा हुनेछ,' उनले भने । मन्त्री खड्काले यस कार्ययोजनालाई विपद् व्यवस्थापनका साथ विकासको अवसरमा रूपान्तरण गर्ने एउटा मोडेलका रूपमा व्याख्या गरे । 'अब हामी बहानाभन्दा समाधान चाहन्छौँ, पीडितलाई पानी पु¥याउने काममा ढिलाइ गर्नु गम्भीर अपराध हो,' मन्त्री खड्काले भने ।

मन्त्री खड्काले प्रधानमन्त्रीलगायत सम्बन्धित पक्षसँग कार्यदलले बुझाएको प्रतिवेदनका बारेमा छलफल गरी कार्यान्वयन गराउने प्रतिबद्धता जनाए । 'सिँचाइ सुविधा नहुँदा तराईमा मात्र नभई देशमै अन्नको सङ्कट हुने हुँदा पीडित किसानलाई तत्काल सिँचाइ, बीउबिजनलगायत सेवा उपलब्ध गराउनु राज्यको पहिलो दायित्व भएकोले तीव्र गतिमा काम गर्न सबै लाग्नुहोस्,' उनले भने ।

ऊर्जा मन्त्रालयका सहसचिव सुशीलचन्द्र आचार्यको नेतृत्वमा कृषि तथा पशुपक्षी मन्त्रालयका सहसचिव, कृषि विभागका महानिर्देशक, खानेपानी तथा ढल निकास विभागका महानिर्देशक जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशकसहितको छ सदस्यीय कार्यदल गठन गरेको थियो । कार्यदलले तयार गरेको प्रतिवेदनले मधेस प्रदेशमा भू–जलको गिरावट, साना तथा मझौला सिँचाइ संरचनाको जीर्ण अवस्था, प्राविधिक जनशक्तिको अभाव, र सिँचाइको असमान पहुँचलगायत विषयलाई गम्भीर सङ्कटका रूपमा उजागर गरेको छ ।

कार्यदलले प्रदेशका प्रभावित जिल्लामा स्थलगत अध्ययन गर्दै स्थानीय प्रतिनिधि, किसान, उपभोक्ता समिति तथा सरोकारवाला निकायसँगको छलफलबाट तथ्य सङ्कलन गरेको कार्यदलका संयोजक आचार्यले जानकारी दिए ।






# रञ्जिता श्रेष्ठलाई नाउपाको अध्यक्षबाट हटाइयो



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नागरिक उन्मुक्ति पार्टी (नाउपा) की अध्यक्ष रञ्जिता श्रेष्ठलाई पार्टीको शीर्ष नेतृत्वबाट हटाइएको छ । पार्टीले उनलाई अध्यक्ष पदबाट हटाइएको जानकारी निर्वाचन आयोगमा दर्ता गराइसकेको छ ।
विधान विपरीत ढंगले कार्यवाहक अध्यक्ष तोकेको आरोपमा श्रेष्ठलाई अध्यक्ष पदबाट हटाइएको पार्टी स्रोतले जनाएको छ । पोखराको लिचीबारी घुसकाण्डमा मुछिएपछि उनले पोखराकै शिव बास्तोलालाई कार्यवाहक अध्यक्ष तोकेकी थिइन् । त्यस कार्यको पार्टीभित्र व्यापक विरोध भएको थियो । अनुशासन समितिको संयोजकत्वमा रहेका रामलाल डगौराले श्रेष्ठलाई २४ घण्टाभित्र स्पष्टीकरण माग गरेका थिए । तर, उनले तोकिएको समयभित्र कुनै स्पष्टीकरण नदिएपछि पार्टीले उनलाई अध्यक्ष पदबाट हटाएको हो । श्रेष्ठलाई अध्यक्ष पदबाट हटाउने निर्णयबारेको पत्र निर्वाचन आयोगमा दर्ता गरिएको छ । अनुशासन समितिमा सुनिता चौधरी र पुण्य बुढा सदस्य रहेका छन् ।

# सातबुँदे मागसहित मेयर भट्टराई अनशनमा

**मधेशदृष्टि**
**काठमाडौँ ।**
खोटाङको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका मेयर तीर्थराज भट्टराईले बुधबारदेखि अनशन थालेका छन् । तीनदिने सत्याग्रहमा पनि माग सम्बोधन नभएपछि मेयर भट्टराईले अनशन थालेका हुन् ।
उनले सातबुँदे माग राखेर काठमाडौंको माइतीघरमा आइतबार सत्याग्रह थालेका थिए । मेयर भट्टराईले देशव्यापीरूपमा बाँसका सामग्री प्रयोग गर्न नीति बनाउनुपर्ने, बाँदर व्यवस्थापन गर्नुपर्ने, स्थानीय उत्पादन प्रवद्र्धन गर्नुपर्ने सहित माग राखेका छन् । यसैबीच, मेयर भट्टराई र सरकार पक्षबीच माइतीघरमै वार्ता भएको छ । वार्ता सकारात्मक रहेको भट्टराईका सहयोगीले जानकारी दिएका छन् ।

# सर्लाहीमा घर भत्किँदा बालकको मृत्यु



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको चन्द्रनगर गाउँपालिका–६ स्थित कामद टोलमा एक पुरानो पक्की घर भत्किँदा एक बालकको ज्यान गएको छ । बुधबार दिउँसो करिब ४:३० बजे नविन सिंहको दुईतले पुरानो पक्की घर अचानक भत्किँदा आँगनमा खेलिरहेका ६ वर्षीय अरुण माझीको घटनास्थलमै मृत्यु भएको हो । मृतक सोही स्थानका गौतम माझीका छोरा हुन् । घटनापछि सूचना प्राप्त हुनासाथ प्रहरी चौकी नाढिमनबाट चार जनाको प्रहरी टोली र इलाका प्रहरी कार्यालय केशरगञ्जबाट प्रहरी निरीक्षक उमाकान्त जोशीको कमाण्डमा थप प्रहरी टोली खटिएको थियो । प्रहरी टोलीले भत्किएको संरचना हटाउँदै उद्धार कार्य सम्पन्न गरेको जनाएको छ । स्थानीयको भनाइ अनुसार अरु व्यक्ति पनि पुरिएको हुन सक्ने आशंका गरिएको थियो । तर, संरचना हटाउने कार्यपछि अन्य कोही पुरिएको नपाइएको प्रहरीले पुष्टि गरेको छ । प्रहरीका अनुसार घटनास्थल नाढिमन प्रहरी चौकीबाट करिब ४ किलोमिटर दक्षिणमा पर्छ । प्रारम्भिक अनुमानअनुसार घरको संरचना निकै पुरानो र कमजोर भएकाले अकस्मात भत्किएको हो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# नक्कली छाप र कागजातसहित दुई जना पक्राउ

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नक्कली सरकारी कागजात र छाप बनाउने एउटा गिरोह काभ्रेपलाञ्चोकको धुलिखेलबाट पक्राउ परेको छ । जिल्ला प्रहरी कार्यालय, धुलिखेलले धुलिखेल नगरपालिका वडा नं. ११ बाट नक्कली सरकारी कागजात र छाप नक्कली बनाउने गिरोहलाई पक्राउ गरेको हो । पक्राउ पर्नेहरूमा गोरखाको लखन गाउँपालिका–९, घर भई हाल काठमाडौं बस्दै ४१ वर्षीय किरण अर्याल र धुलिखेल नगरपालिका–११ का ३८ वर्षीय जितेन्द्र तामाङ छन् ।
प्रहरीले जिल्ला अदालत काभ्रेको अनुमतिमा वडाअध्यक्षको नाममा सञ्चालन भइरहेको नक्कली कागजात बनाउने कार्यालयमा छापा हानेको थियो । प्रहरीको टोलीले विभिन्न सरकारी तथा निजी संस्थाका २६ थान छापहरू, नेपाली नोट ६८ हजार ७०० राहदानी, नागरिकता, विभिन्न शैक्षिक संस्थाका प्रमाणपत्र, हार्डड्राइभ, सीपीयू, प्रिन्टर र फोटोकपी मेसिनहरू पनि बरामद गरेको छ ।

# साउन १६ देखि माओवादी स्थायी कमिटी बैठक

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा माओवादी केन्द्रले स्थायी कमिटी बैठकको एजेन्डा तय गरेको छ । पार्टी कार्यालय पेरिसडाँडामा बुधबार बसेको माओवादी पदाधिकारी बैठकले साउन १६ गते शुक्रबारबाट शुरु हुने स्थायी कमिटी बैठकको एजेन्डा तय गरेको प्रवक्ता अग्नि सापकोटाले जानकारी दिए । त्यस्तै, पोखरामा आएर रोकिएको पार्टीको अभियानलाई निरन्तरता दिने बिषय, पार्टीको आन्तरिक एकता बलियो बनाउने, समाजवादी मोर्चाका बिषय लगाएतमा छलफल गर्ने एजेन्डा तय भएको उनले जानकारी दिए । संगठन निर्माण, नेताहरुको कार्यविभाजन र अहिलको वर्तमान अवस्थाका साथै समसामयीक प्रस्ताव पारित गरिने सापकोटाले जानकारी दिए ।

# मधेशको संकटमा सहयोग गर्न मन्त्री साहको आग्रह

**मधेशदृष्टि**
**काठमाडौँ ।**
समाज कल्याण परिषद्ले विपद् सङ्कटग्रस्त मधेश प्रदेशको समस्या सम्बोधनमा आफ्नो योजना केन्द्रित गर्न अन्तर्राष्ट्रिय सङ्घसंस्थालाई आह्वान गरेको छ ।
परिषद्का अध्यक्ष समेत रहेका महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले सङ्घसंस्थाका प्रतिनिधिसँग छलफल गरी नियमित गतिविधिसँगै मधेशमा खानेपानी र सिँचाइमा काम गर्न आह्वान गरेका छन् । उनले परियोजनाको कुल बजेटको २० प्रतिशत नबढ्ने गरी आपतकालीन कोषको मापदण्ड प्रयोग गर्न पनि निर्देशन दिए । समाज कल्याण परिषद्सँग साधारण सम्झौता भई कार्यान्वयनमा रहेका अन्तर्राष्ट्रिय गैरसंस्थाहरुको चालू परियोजनाहरुमा परियोजनाको कुल बजेटको २० प्रतिशत अर्थात १० करोड रुपैयाँको सीमाभित्र रहने गरी परियोजना संशोधन गर्न पनि उनले अनुरोध गरेका छन् ।

# ठूलो परिमाणमा लागुऔषधसहित भारतीय नागरिक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
ठूलो परिमाणमा लागुऔषध ट्याबलेट सहित एक जना भारतीय पक्राउ परेका छन् । १० हजार ३ सय २६ पिस ट्याबलेट सहित चम्पारण बिहार अर्गवा–६ का ५० वर्षीय उपेन्द्र साह भन्ने मन्जन साह पक्राउ परेका हुन् । उनलाई मंगलबार राति बारा सिम्रौनगढ–६ नहरबाट पक्राउ गरिएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ । पक्राउ परेका साह लागुऔषध कारोबारी रहेको प्रहरीको प्रारम्भिक अनुसन्धानले खुलेको छ । नेपाल प्रहरीले अहिले लागुऔषध कारोबारीविरुद्ध अभियान चलाएको छ । एक वर्षको अवधिमा २३ करोड मूल्य बराबरको लागुऔषध बरामद गरेको छ ।

# सहकारी ठगीमा संलग्न उप्रेती पक्राउ

**मधेशदृष्टि**
**काठमाडौँ ।**
१२ करोड रुपैयाँ भन्दा बढी ठगीका एक अभियुक्त पक्राउ परेका छन् ।
पक्राउ पर्नेमा रामेछापको खाँडादेवी गाउँपालिका–५ घर भएका ४२ वर्षीय सविन उप्रेती छन् । उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेको हो ।
उनी सहकारी ऐनअन्तर्गतको ठगीका अभियुक्त रहेको प्रहरीले बताएको छ ।
उनले १२ करोड २ लाख ३४० रुपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ । उनी भक्तपुरको दधिकोटबाट पक्राउ परेका हुन् ।

# हात्तीको आक्रमणबाट सैनिक घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
चितवन राष्ट्रिय निकुञ्जको सौराहा क्षेत्र नजिकै रहेको पोस्टबाट डिउटी सकेर फर्किँदै गरेका नेपाली सेनाका एक हवल्दारलाई जंगली हात्ती गोविन्देले आक्रमण गरी घाइते बनाएको छ । निकुञ्ज स्रोतका अनुसार बुधबार बिहान ७ बजे सौराहाबाट डेढ किलोमिटर पर रहेको मचानबाट रातिको डिउटी सकेर कछुवानी पोस्टतर्फ फर्कँदै गरेका ४ जना सैनिकलाई गोविन्देले आक्रमण गरेको थियो । एक्कासी जम्काभेट भएको गोविन्दले पैदल फर्किंदै गरेका सेनामाथि आक्रमण गरेको थियो । हात्तीको आक्रमणबाट ३८ वर्षीय नन्दबहादुर सिंह घाइते भएका हुन् ।

## प्रमाण पत्र हराएको सुचना

जिल्ला सिन्धुली दुधौली न.पा. वडा नं. ७ निवासी लेखराज दाहालको छोरी हाल जिल्ला धनुषा मिथिला न.पा. वडा नं. ९ बस्ने गायत्री दाहालको मिति २०८२/२/३ गते मिथिला न.पा. ९ बडहरी बजारबाट जनकपुर जादै गर्दा My Clear Bag मा रहेको S.N.:-489064/466359, Reg. No.:-650541/080, Skill No.: 47987/079-080 "ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता व्यवसाय तह-१" प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट प्राप्त "राष्ट्रिय शीप प्रमाणपत्र" हराएको हुदा पाउनु हुने महानुभावले इलाका प्रहारी कार्यालय ढल्केवर वा ९८४७७९७७६७, वा ९८४४५१७८३४ मा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

# वीरगंज यातायात कार्यालयद्वारा १ अर्ब ६२ करोड राजस्व संकलन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित यातायात व्यवस्था कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा १ अर्ब ६२ करोड ४० लाख ४१ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।
यो अघिल्लो वर्षको तुलनामा करिब १० करोड रुपैयाँले वृद्धि भएको हो । कार्यालय प्रमुख कुशेश्वर साहका अनुसार आर्थिक वर्ष २०८०/८१ मा १ अर्ब ५२ करोड ५१ लाख रुपैयाँ राजस्व संकलन गरिएको थियो ।
यसपालि राजस्व वृद्धिमा विशेषतः सवारी नवीकरणमा जरिवाना छुटको नीति प्रभावकारी भएको र नागरिकको सहभागिता बढेको बताइएको छ । सबैभन्दा धेरै राजस्व सवारी साधन करबाट संकलन गरिएको छ । त्यसको कुल रकम १ अर्ब २२ करोड १९ लाख ९ हजार रुपैयाँ पुगेको छ । त्यस्तै, चालक अनुमति पत्र (लाइसेन्स), सवारी दर्ता र अन्य दस्तुरहरूबाट ३२ करोड १६ लाख १६ हजार रुपैयाँभन्दा बढी राजस्व संकलन गरिएको छ ।

# नेपालको स्तरोन्नति स्वाभिमानको विषयः प्रधानमन्त्री ओली

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले अल्पविकसित मुलुकबाट स्तरोन्नति हुँदा नेपालको स्वाभिमान बढ्ने बताएका छन् । बुधबार राष्ट्रिय सभामा अल्पविकसित मुलुकबाट नेपाल स्तरोन्नति हुँदा पर्ने प्रभावका बारेमा बोल्दै उनले यस्तो बताएका हुन् । यसले नेपालको भिजिट डिप्लोमेसी र सगरमाथा सम्बाद, लगानी सम्मेलन जस्ता कन्फेरेन्स डिप्लोमेसीमार्फत आर्थिक कूटनीति मजबुत बनाउनसक्ने अवसर दिने उनले बताए । नेपालको अधिकांश व्यापार तथा सहकार्य द्वीपक्षीय भएकोले स्तरोन्नतिका कारण यस क्षेत्रमा धेरै असर पर्ने स्थिति नभएको उनले बताए । सन् १९७१ नोभेम्बर १८ मा संयुक्त राष्ट्रसंघको महासभाले नेपाललाई अतिकम विकसित मुलुकको सूचीमा सूचीकृत गरेको थियो । नेपाल अल्पविकसित मुलुकमा सूचीकृत भएको ५५ वर्षपछि नेपाल आगामी वर्ष सन् २०२६ मा स्तरोन्नति हुँदैछ । अहिले नेपालले ४५ देशको एलडीसी समूहको नेतृत्व गरिरहेको छ ।

# कांग्रेस बागमती संसदीय दलको नेतामा बानियाँ निर्वाचित

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको नेतामा इन्द्रबहादुर बानियाँ निर्वाचित भएका छन् । प्रदेशसभा सचिवालय परिसरमा बुधवार भएको दलको निर्वाचनमा बानियाँले मुख्यमन्त्री समेत रहेका बहादुरसिंह लामा तामाङलाई पराजित गरेका हुन् । बानियाँ र लामा दुवै पार्टी सभापति शेरबहादुर देउवा पक्षका हुन् । कांग्रेसका ३७ सांसदमध्ये बानियाँले २२ मत पाउँदा लामाले १४ मात्रै मत ल्याउन सके । १ मत बदर भएको छ । मंगलबार आफूविरूद्ध संसदीय दलमा परेको अविश्वासको प्रस्तावको विपक्षमा १५ मत मात्रै आएपछि उनले दल नेताको हैसियत गुमाएका थिए । अविश्वासको प्रस्तावको पक्षमा २२ मत परेको थियो । लामाले दलको नेताको हैसियत गुमाएपछि बुधवार दलको नेता चयनका लागि निर्वाचन भएको हो । बानियाँको नेतृत्वमा कांग्रेसका २१ जना सांसदले ९ साउनमा दल कार्यालयमा अविश्वासको प्रस्ताव दर्ता गरेका थिए । लामा नेतृत्व सरकारका पाँच जना मन्त्रीले राजीनामा दिएर बानियाँलाई साथ दिएका थिए । बानियाँ र लामा संसदीय दलको नेतामा दोस्रो पटक भिडेका हुन् ।

# मिटरब्याज पीडितको प्रदर्शन

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको लहान नगरपालिका–३ स्थायी घर भएका सीता कुमारी मण्डल र वडा नम्बर–७ स्थायी घर भएका श्याम विश्वकर्मा साहुलाई कारबाहीको माग राखेर धर्ना बसेका छन् । लहान नगरपालिका–३ स्थाई बसोबास गर्ने मिटर ब्याजी साहु रामलोचन गुप्ता र लहान–७ स्थायी बसोबास गर्ने राम कुमार महतो (रामबाबू) ले ऋण दिँदा जग्गा पास गरि पाँच–पाँच लाख ऋण लिएको तर २१ लाख बुझाउँदासमेत जग्गा फिर्ता नगरेकोले उनीहरूले कालोपट्टी बाँधेर प्रदर्शन गरेका हुन् ।


## ईन्स्टिच्युट अँफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा.लि.
## Institute of Health Research Development Pvt. Ltd.
जनकपुरधाम-४, धनुषा
JanakpurDham-4, Dhanusha
☎ ०४१-४२२६७९

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

जनकपुर अञ्चलको सबैभन्दा पुरानो २०५२ सालदेखि संचालनमा रहेको ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट, प्रा. लि. (IHRD) जनकपुरधाम-४, धनुषामा शैक्षिक सत्र २०८२/०८३को लागि स्वास्थ्य तर्फको सामान्य चिकित्सा हेल्थ असिस्टेन्ट ३ वर्षे कोर्षमा भर्ना खुलेकोले S.L.C./SEE पास विधार्थीहरुले आवेदन फारम भर्नुहोस् ।

*तपशिल*
१. फारम भर्ने अन्तिम मितिः यहि श्रावण २५ गते सम्म
२. सम्पर्क स्थानः ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा. लि. जनकपुरधाम-४, धनुषा, सरहन्चिया कुट्टी देखि दक्षिण तर्फ पुरानो कर्मचारी संचयकोष कार्यालय नजिकै कटैया चौरी जाने बाटोमा
३. सम्पर्क नं.: 041-422679, 9846073300, 9844220968, 9807678737, 98842433810
नोटः यस इन्स्टिच्युटमा २०५२ साल देखि स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको साथै २०७९ सालदेखि सामान्य चिकित्सा ३ वर्षे कार्यक्रम संचालन भइ रहेकी समेत जानकारी गराइन्छ ।

\- प्रिन्सिपल

# सिंहलाई 'वैद्य–प्रकाश मानवअधिकार पुरस्कार'

**सप्तरी ।**
मानवअधिकार र प्रजातान्त्रिक आन्दोलनका साथै कानुन व्यवसाय क्षेत्रमा निरन्तर क्रियाशील रही योगदान पुर्याएका सप्तरीको राजविराज नगरपालिका–४ का ८४ वर्षीय हिम्मत सिंहलाई 'वैद्य–प्रकाश मानवअधिकार पुरस्कार'बाट सम्मानित गर्ने निर्णय गरिएको छ । वैद्य–प्रकाश मानवअधिकार पुरस्कार कोषको राजविराजमा बुधबार सम्पन्न बैठकले यस वर्षका लागि वरिष्ठ अधिवक्ता सिंहलाई सम्मानित गर्ने निर्णय गरिएको कोषका संस्थापक अध्यक्ष वैद्यनाथ झाले जानकारी दिए । राजनीतिबाट सार्वजनिक जीवन शुरु गरेका सिंह मानवअधिकार, प्रजातान्त्रिक र सङ्घीय लोकतान्त्रिक आन्दोलनमा सक्रिय रही साढे पाँच दशकदेखि हालसम्म कानुन व्यवसाय क्षेत्रमा निरन्तर कटिबद्ध र क्रियाशील छन् । सामाजिक सरोकारका विषयमा चिन्तन गर्ने उनी जिल्लाको कानुनी, राजनीतिक हतिहास र अभ्यासमा गहिरो संलग्नता राख्छन् । साथै सामाजिक न्याय र सार्वजनिक चासोका मुद्दामा सक्रिय छन् । सप्तरीको सामाजिक, राजनैतिक परिवेश र मनोविज्ञानसम्बन्धी विश्लेषणमा पोख्त उनले जनताको विश्वास जितेर प्रजातान्त्रिक व्यवस्था, संविधानको दीघार्यु र कानुनी संरचना सुदृढीकरण गर्नुपर्ने प्रष्ट विचार राख्दै आएका छन् ।
कमजोर, पीडित वर्गका पक्षमा कानुनी सेवा प्रदान, न्याय प्रणालीमा सुधार र पारदर्शिताका पक्षधर सिंह युवा कानुन व्यवसायीका लागि मार्गदर्शक हुन् । सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–५ मा जन्म भई राजविराज नगरपालिका–४ मा स्थायी बसोबास गर्दै आएका सिंहले सप्तरीको डाक्नेश्वरी नगरपालिकास्थित ब्रह्मपुरमा पब्लिक रामेश्वर उच्च माध्यमिक विद्यालय र तिलाठी कोइलाडी गाउँपालिका–५ स्थित बर्साइनमा आधारभूत विद्यालय स्थापना गरेका छन् ।
उनी नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य र जेपी लोहिया रामेश्वर मेमोरियल ट्रष्टका संस्थापक छन् । सिंहले विसं २०७६ मा एमनेस्टी इन्टरनेसनल सप्तरीको अध्यक्षको भूमिका कुशलतापूर्वक निर्वाह गरेका छन् । निर्वाचित संसद् र मन्त्रिमण्डल विघटन भई विसं २०१७ मा पञ्चायती व्यवस्था शुरु भएपछि प्रवासित सिंहले भारतबाट प्रकाशित पत्रिकाहरूमार्फत लेख प्रकाशन गर्थे । विसं २०२६ मा आममाफीपश्चात् नेपाल प्रवेश गरी वकालत प्रारम्भ गरेका उनले २०४२ सालमा वरिष्ठ अधिवक्ताको उपाधि पाए । जलेश्वर, वीरगंजमा सुरक्षामा प्रहरी हिरासतमा परेका उनी २०४६ सालको आन्दोलनमा प्रहरीको लाठीचार्जबाट घाइतेसमेत भएका थिए । वरिष्ठ अधिवक्ता सिंहलाई इन्सेकका संस्थापक महासचिव प्रकाश काफ्लेको स्मृतिमा शुक्रबार हुने कार्यक्रममा राजविराजस्थित नेपाल पत्रकार महासङ्घको भवनमा सम्मान गरिने आयोजकले जनाएको छ । नुवाकोटको घोप्टेभिरमा विसं २०४९ साउन १६ गते भएको थाइ विमान दुर्घटनामा अधिकारकर्मी प्रकाश काफ्लेको निधन भएको थियो । मानवअधिकार, सामाजिक र न्याय क्षेत्रका स्थापित व्यक्तिहरुको उपस्थितिमा हुने कार्यक्रममा इन्सेकका पूर्वअध्यक्ष सुबोधराज प्याकुरेल र उच्च अदालत जनकपुर राजविराज इजलासका न्यायाधीश वामदेव ज्ञवालीले सम्मानपत्र हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)द्वारा २१औँ प्रकाश मानवअधिकार पुरस्कारबाट सम्मानित राजविराज नगरपालिका–७ का वैद्यनाथ झाले प्राप्त गरेको नगद ५१ हजारबाट स्थापना गरिएको कोषमा झाकी आमा चन्द्रादेवी झाले ज्येष्ठ नागरिकका हैसियतले पाएको सामाजिक सुरक्षाबापतको ५० हजार र अन्य ३० हजार जम्मा गरेका छन् ।
यसैगरी राष्ट्रिय मानवअधिकार आयोगका सदस्य मिहीर ठाकुरले २५ हजार, झाका भतिजा इन्जिनियर सञ्जयकुमार झाले १५ हजार, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली र मञ्जु शारदाले पाँच/पाँच हजार प्रदान गरेको कोषको रकम एक लाख ७५ हजार पुगेको छ ।
उक्त कोषमा झाले पुरस्कारस्वरुप प्राप्त गरेको अन्य रकमसमेत जम्मा गर्दै आएका छन् । यो पुरस्कार २०७३ सालदेखि प्रत्येक वर्ष मानवअधिकार तथा नागारिक आन्दोलनका विभिन्न क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्याउने व्यक्तित्वलाई प्रदान गरिँदै आइएको कोषले जनाएको छ । सम्मानित व्यक्तित्वलाई सम्मानपत्र तथा दोसल्ला प्रदान गरिनुका साथै पुरस्कारको राशि बर्सेनि बढाउँदै लगिएको कोषका सचिव मनोहरकुमार पोखरेलले जानकारी दिए । उनका अनुसार पहिलो पटक तीन हजार १०५ पुरस्कार प्रदान गरिएकामा कोषको राशि वृद्धि भएसँगै यो वर्ष पुनः वृद्धि गरी पुरस्कारको राशि ११ हजार बनाइएको छ ।
यो पुरस्कारबाट २०७३ सालमा चमार आन्दोलन र भूमि अधिकार अभियन्ता सुरुङ्गा नगरपालिका–४ मधुपट्टी कनकपुरका बलदेव राम, २०७४ सालमा दलितमा सबैभन्दा पछाडि पारिएको डोम जातिको आन्दोलनको अभिन्न अङ्गका रूपमा स्थापित छिन्नमस्ता गाउँपालिका–२ का युक्तिलाल मरिक सम्मानित भएका थिए । साथै गत वर्ष सीमान्तकृत दलित, गरिबको चेतना विकास र अधिकारको संरक्षणमा योगदान गर्ने रुपनी गाउँपालिका–६ तेरहौताका दिलिपकुमार चौधरीलाई सम्मानित गरिएको थियो । रासस

# भरत तालमा युवतीको शव फेला

**राजिव साह**
**सर्लाही ।**



सर्लाही जिल्लाको बागमती नगरपालिका–१२ स्थित भरत तालमा अन्दाजी २२ वर्षीया एक अज्ञात युवतीको शव फेला परेको छ । बुधबार दिउँसो करिब १२ बजे तालमा महिलाको शव तैरिरहेको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय कर्मैयाबाट प्रमुख सुभाष यादवको कमाण्डमा प्रहरी टोली घटनास्थल पुगेको थियो । टोलीले डुङ्गाको सहायताले शवलाई तालको पूर्व किनारमा ल्याएको जनाएको छ ।
शव निलो जिन्स पाइन्ट, हरियो कुर्ता लगाएकी र हातमा रातो बाला लगाएकी युवतीको रहेको प्रहरीले जनाएको छ । हालसम्म उनको नाम, थर र वतन खुल्न सकेको छैन । घटनास्थल इलाका प्रहरी कार्यालय कर्मैयाबाट करिब ३ किलोमिटर दक्षिणमा पर्छ । थप अनुसन्धान र कानुनी प्रक्रिया पूरा गर्न इलाका प्रहरी कार्यालय हरिवनबाट प्रहरी निरीक्षक चन्द्रकान्त अधिकारीको नेतृत्वमा टोली घटनास्थल पुगेको थियो । शव कसरी तालमा पुग्यो भन्ने विषयमा अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

# मापदण्डविपरीत सञ्चालित उद्योगमा कारबाही



**सिरहा ।**
लहानमा मापदण्डविपरीत सञ्चालन भएका पिउने पानी प्रशोधन उद्योग कारबाहीमा परेका छन् । इलाका प्रशासन कार्यालयको नेतृत्वमा भएको संयुक्त अनुगमनमा चारवटा उद्योगलाई पाँच हजार रुपैयाँका दरले जरिवाना गरिएको हो । लहान–१ स्थित 'सीता मिनीरल वाटर इन्डष्ट्री' तथा 'फ्रेण्डस इन्टरनेसनल नेपाल', लहान–३ को 'केबी एण्ड सन्स नेपाल' र धनगढीमाई–१० को 'केएल मिनीरल वाटर'लाई कारबाही गरिएको इलाका प्रशासन कार्यालयका प्रशासकीय अधिकृत सन्तोष रायले जानकारी दिए । संयुक्त अनुगमन टोलीमा लहान नगरपालिका, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज र घरेलु तथा साना उद्योग कार्यालयका प्रतिनिधि सहभागी थिए । रासस

## आकाश ताक्दै किसानः

# महोत्तरीमा ३५ प्रतिशतमात्र रोपाइँ

**महोत्तरी ।**
साउन दोस्रो साता लागिसकेको छ । लामो खडेरीले आतिएका महोत्तरीका किसानले अझै आकाश ताक्न छाडेका छैनन् । आकासे पानीको भरमा रहेका किसान साउन दोस्रोसम्म वर्षा भएर रोपाइँ गर्न पाइन्छ कि भन्ने आशामा आकाश ताक्दै बसेका छन् । रोपाइँको समय घर्कंदै जाँदा पनि यहाँका किसान वर्षा भइहाले अलिअलि भए पनि रोपाइँ गर्न पाइन्थ्यो भन्ने आशमा बसेका हुन् । 'मध्य साउनमा धानको रोपो लहलहाउनुपर्ने हो, हामी अझै पानी परे रोप्न पाइन्थ्यो कि भन्ने आशमा छौँ', भङ्गाहा–१ का किसान रामकिसन मण्डलले भने । यसपालि धानको बीउ राख्ने, बीउ रोप गर्ने र खरुअन (कलम, पहिलो रोपो गाँजिएपछि उखेलेर रोप्ने) रोपका परम्परागत तालिका पानी नपरेर त्यसै बितेका उनको भनाइ छ । मधेशसहित महोत्तरीमा गत जेठ २२ भित्र बीउ राख्ने, असार २२ भित्र बीउ रोपीसक्ने र साउन २२ गतेभित्र खरुअन रोपीसक्ने तालिका मानिन्छ । खरुअन बीउ अपूग हुँदा र बर्खे धान तथा अन्यबाली काटेर रोपाइँ गरिन्छ । यसपालि पानी नपर्दा यी तालिका सबै खल्बलिएका स्थानीय इस्राफिल राइनले बताए । पानी पर्ला र धान रोपौँला भन्ने आसैआसमा मध्य साउन बित्न लाग्दासम्म रोपाइँ हुन नसकेपछि किसान चिन्तित छन् । गत सोमबार एकछिन परेको पानीले ब्याडमा पहेँलिँदै गरेको बीउ र अघिको रोपो जगाए पनि नयाँ रोपाइँका लागि नभएको किसान बताउँछन् । जिल्लामा साउन दोस्रो सातासम्म ३५ प्रतिशत रोपाइँ भएको कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालयले जनाएको छ । रोपिएको धान पनि सर्वसाधारणका लागि निकै खर्चिलो भएको बताइएको छ । 'आफ्नो खेतमा इनार÷बोरिङ केही छैन । सबै भाडामा चलाउन पर्दा घरमा भएको अन्नपात सबै सकियो', बर्दिबास–७ का किसान रितबहादुर खत्रीले भने, 'यस वर्ष खाद्य सङ्कट हुने जोखिम छ, के खाएर जीविकोपार्जन गर्ने हो चिन्ता लाग्छ ।' पानी पर्लाकी भन्ने आशले आकाश ताक्दाताक्दै आँखा टट्टाएका उनको भनाइ छ । 'अब पानी पर्ला भनेर आकाश ताक्छौँ, पानी पर्दैन । चैत वैशाखको हुरहुरे बतास पो चल्दैछ', खत्रीले भने, 'पूर्वीया यो रुखो बतासले खेतबारीमा भाएको चिस्यान पनि रुख्याउँदैछ ।' वीरक्तलाग्दो मौसमले कामको जाँगर सबै हराएको किसान बताउँछन् । असार २२ ताका सक्नुपर्ने बीउ रोप साउन दोस्रो सातासम्म नभएको किसानको दुखेसो छ । अब पानी परी हालेपनि बीउ अपुग भएर रोपाइँ बढ्ने स्थिति नरहेको किसानको निष्कर्ष छ । यसअघि रोपिएका धान पनि राम्ररी नगाजिँदा खरुअन हुने सम्भावना नदेखिएको किसान खत्रीले बताए । यसपालि मधेश खडेरीको सङ्कटमा छ । सरकारले तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिसकेको छ । मधेशमा हालसम्म करिब ५० प्रतिशत पनि रोपाइँ भएको छैन भने महोत्तरीको करिब ३५ प्रतिशत छ । महोत्तरीमा कूल ७१ हजार हेक्टर खेतीयोग्य जग्गामध्ये ४२ हजार ५०० हेक्टरमा धानखेती गर्न मिल्ने जिल्लास्थित कृषि ज्ञान केन्द्रका प्रमुख एवम् वरिष्ठ कृषि अधिकृत देवानन्द यादवले जानकारी दिए । उनका अनुसार यहाँ १० प्रतिशत जग्गामा मात्र स्थायी सिँचाइ (कुलो, नहर) को व्यवस्था हुँदा अधिकांश खेती आकासे पानीमा निर्भर छ । पछिल्ला केही वर्षयता वैकल्पिक सिँचाइका प्रबन्धका लागि इनार, डिपबोरिङ र स्यालोट्युबबेल जडान गरिएकाले थप १० प्रतिशत जग्गामा सिँचाइ सुविधा पुगेको यादवले बताए । यसपालि लामो समयसम्म परेको खडेरीले कुलो, नहरका पानीका मूहान तथा इनार, बोरिङ पनि धमाधम सुक्दै जाँदा सङ्कट चुलिँदै गएको उनको भनाइ छ । पानीको हाहाकारका बीच किसानले भूमिगत सिँचाइका स्रोतबाट ३५ प्रतिशत रोपाइँ सकेका उनले जानकारी दिए । न्यूनतम स्रोतसाधन र सुविधा नहुँदा कहिल्यै समयमा खेती लगाउन नपाएको किसानको गुनासो छ । सिँचाइ, मल, बीउ र समयसमयमा प्राविधिक सल्लाहको सुनिश्चितता भए सहज रूपमा खेती गर्न सकिने किसान बताउँछन् । तीनै तहका सरकारले यसतर्फ समन्वयात्मक पहलकदमी लिएनुपर्नेमा उनीहरूले जोड दिए । रासस

# 'जन्मदिनमा सत्कर्म' अभियान



**मधेशदृष्टि**
**रौतहट ।**
'जन्मदिनलाई सत्कर्ममा जोडौं' भन्ने नारासहित चन्द्रपुर नगरपालिका–९ स्थित सिन्दुरेघारीको चाँदिखोला किनारमा विशेष वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको छ । सामाजिक उत्तरदायित्व र वातावरणीय सचेतनालाई जोड्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रिय पूर्वसचिव गोबिन्द प्रसाद चौलागाईंले आफ्नो जन्मदिनको अवसर पारेर बृक्षारोपण गरेका हुन् । कार्यक्रमको आयोजना तराई विकास तथा संचार केन्द्र नेपाल, काठमाडौंले गरेको थियो । वृक्षारोपणसँगै जन्मोत्सव पार्क निर्माण अभियानलाई सघाउँदै गौरस्थित पूर्वाधार विकास कार्यालय रौतहटका प्रमुख इन्जिनियर दिपक कुमार मिश्र र लेखा अधिकृत सुदिप गौतमलाई सम्मान गरिएको छ । नेपालकै पहिलो 'जन्मोत्सव पार्क' निर्माणाधीन अवस्थामा रहेकाले सो अभियानको थालनी गरिएको चौलागाईंले जानकारी दिए । 'जन्मदिनलाई व्यक्तिगत उत्सवका सट्टा समाजका लागि उपयोगी बनाउने प्रयास हो यो,' उनले भने । कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाका प्रमुख उमाकान्त आचार्य, प्रमुख जिल्ला अधिकारी विनोद खड्का लगायत अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति थियो । आयोजक संस्थाका अनुसार उक्त पार्क र वरपरको क्षेत्रमा विभिन्न जातका विरुवाहरू रोपिएका छन् । यो अभियान जलवायू परिवर्तनका कारण पानीका मुहान सुक्दै गएको, जमिन उजाडिँदै गएको जस्ता समस्याको समाधानमा योगदान पुर्याउने विश्वास आयोजकको छ ।

# गर्भवती र सुत्केरी महिलालाई पोषणयुक्त खाद्यान्न वितरण

**आरके श्रीवास्तव**
**रौतहट ।**



मधेश प्रदेश सरकारअन्तर्गतको स्वास्थ्य मन्त्रालयको सहयोग तथा नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि एवम् युवा नेता ज्ञानेन्द्र प्रसाद यादवको पहलमा फतुवा विजयपुर नगरपालिकामा विशेष पोषण कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रम अन्तर्गत नगरपालिकाभित्रका १ देखि ११ नम्बर वडासम्मका गर्भवती र सुत्केरी महिलालाई कुपोषणको जोखिमबाट जोगाउन पोषणयुक्त खाद्यान्न वितरण गरिएको हो । खाद्यान्न वितरण कार्यक्रम कार्यवाहक नगरप्रमुख अम्बेया खातुनको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । नगरप्रमुख खातुनले आफ्ना सम्बोधनमा मातृ र शिशु स्वास्थ्यलाई प्राथमिकतामा राख्दै नगरपालिकाले यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताए । उनले स्थानीय सरकार मातहतका वडास्तरमा समेत यस्ता स्वास्थ्यमुखी अभियान सञ्चालन गर्ने योजना रहेको जानकारी दिए । कार्यक्रममा सम्बन्धित वडाका जनप्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो । नेता ज्ञानेन्द्र यादवले मातृस्वास्थ्य र बालस्वास्थ्यमा सुधार ल्याउने उद्देश्यले यस्तो कार्यक्रम अघि बढाइएको जानकारी गराए । उनले स्थानीय तहसँग समन्वय गरी आगामी दिनमा समेत यस्ता कार्यक्रम निरन्तर चलाउने प्रतिबद्धता व्यक्त गरे ।
कार्यक्रममा सहभागी आमाहरूले सरकार र स्थानीय नेतृत्वलाई धन्यवाद दिँदै यस्ता सहायक कार्यक्रमले उनीहरूलाई मानसिक र शारीरिक रूपमा थप सशक्त बनाउने बताएका छन् ।

सम्पादकीय

# काकाकुल वीरगंज र पानीको सपना

*देशको आर्थिक राजधानी वीरगंज काकाकुल छ । यसले नागरिकको जीवनको लय बदलिएको छ । वीरगंजका धेरै नागरिक तिर्खाको छटपटीमा छन् । मध्य साउन, पानीको अभावमा काकाकुल बनेको छ समाज । घरका आँगनमा रहेका चापाकल (ह्याण्डपम्प)बाट पानी हराएको छ । पानीको ट्याङ्कर आउने बाटो हेरेर बस्न नागरिक बाध्य छन् । ट्याङ्कर आयो भने पनि दयाले दिएको एक–दुई बाल्टी पानीमा चित्त बुझाउनु पर्छ ।*

*सफासुग्घर हुनु, सफा लुगा लगाउनु र स्वच्छ वातावरणमा रहन पनि पानी अभावले सकेका छैनन् । सरकार र सम्बन्धित निकायको उदासीनता कायमै छ । सरकारप्रतिको अविश्वास र आक्रोश चुलिएको छ । वीरगंज महानगरपालिका, प्रदेश सरकार, नेपाली सेना र स्थानीय प्रशासनले ट्याङ्करमार्फत पानी वितरणको प्रयास गरिरहेका छन् । दैनिक ४ लाख लिटरसम्म पानी वितरण भइरहे पनि नागरिक सन्तुष्ट छैनन् । स्थानीय दिगो र स्थायी समाधान चाहन्छन् । वीरगंजमा देखिएको पानीको समस्या मधेशकै प्रतिनिधि समस्या हो । एसियाली विकास बैंक (एडीबी)को लगानीमा भूमिगत पानीको स्रोतबाट व्यवस्थापन गने योजना त छ तर अहिले नै पानी नभएर नागरिक छट्पटाइरहेका छन् ।*

## मधेशको जल संकट:
## कारण, चुनौती र दीर्घकालीन समाधानको बाटो



प्रेमचन्द्र झा

नेपालको मधेश प्रदेश—देशको समथर भूभाग, जहाँ देशको एक तिहाइभन्दा बढी जनसंख्या बसोबास गर्छ—आज गम्भीर जल संकटको सामना गरिरहेको छ । पानी मानव जीवनको आधार हो, तर यतिबेला मधेशवासीहरूलाई स्वच्छ पिउने पानीको अभावसँगै सिँचाइ र सरसफाइको लागि आवश्यक पानीको हाहाकार झेल्नुपरेको छ । यस संकटको जरा केवल प्राकृतिक स्रोतको सीमिततामा छैन, यो राजनीतिक इच्छाशक्ति, नीति निर्माणमा स्पष्टताको अभाव, प्रविधिको दुरुपयोग, सामाजिक–आर्थिक असमानता र जलवायु परिवर्तनसँग पनि गहिरो रूपमा गाँसिएको छ ।

**तीन तहको सरकार र योजनाको समन्वय अभाव**

संघीयता पश्चात् जनअपेक्षा थियो कि खानेपानी र सिँचाइ जस्ता आधारभूत आवश्यकतामा तत्काल सुधार हुनेछ । तर मधेश प्रदेशमा यस्तो अपेक्षा उल्टो रूपमा परिणत भएको देखिन्छ । तीन तहको सरकारबीच समन्वय नहुँदा बजेट योजना विखण्डन हुँदै गएको छ । प्रदेश सरकारले धेरैजसो बजेट स–साना योजनामा बाँड्दै 'कार्य सम्पन्न देखाउने' प्रवृत्तिमा लागेको छ । यस्ता योजनाले न त दिगो उपलब्धि दिन सकेका छन्, न त दीर्घकालीन सुधारको बाटो खोल्न सकेका छन् ।

समस्या यति मात्र होइन । बजेट विनियोजनमा समेत पारदर्शिता छैन । परियोजनाहरू राजनीतिक पहुँचका आधारमा तोकिन्छन्, वैज्ञानिक मूल्याङ्कन वा भूगर्भीय अध्ययन बिना नै । यस्ता कारणले गर्दा मधेशमा पानीको समस्या व्यवस्थापनभन्दा लथालिङ्ग छ ।

**डिप बोरिङ्ग र हैण्डपाइपको विस्फोट**

हालैका वर्षहरूमा डिप बोरिङ्ग र हैण्डपाइपहरू पानीको प्रमुख स्रोत बनेका छन् । यी अस्थायी समाधानहरूले तत्काल राहत त दिन सक्छन्, तर दीर्घकालमा पानीको स्तर घटाउने, भूमिगत स्रोत सुकाउने, र स्वास्थ्य जोखिम बढाउने काम गर्छन् । विशेषगरी हैण्डपाइपहरू सतही तहका हुन्, जसले जमिनको माथिल्लो प्रदूषित तहबाट पानी तान्छ ।

अझ गम्भीर कुरा के छ भने अधिकांश पानी स्रोतहरू कुनै परीक्षण बिना नै प्रयोगमा ल्याइएका छन् । आर्सेनिक, आइरन, कोलिफर्मजस्ता प्रदूषक तत्वहरूका कारण मधेशका धेरै बासिन्दा दीर्घकालीन रोगहरू (कलेजो, मिर्गौला, छाला रोग) को शिकार भइरहेका छन् ।

**जलवायु परिवर्तन र वर्षा चक्रको असन्तुलन**

मधेशको जल संकटमा जलवायु परिवर्तनको असर गम्भीर रूपमा देखिन थालेको छ । विगत दशकमा मधेशमा वर्षा चक्रमा चरम असन्तुलन आएको छ । अत्यधिक वर्षा र त्यसपछि लामो खडेरीको चक्रले जमिनको नमी सुकाएको छ, जसको असर खेती, वनस्पति र भूजल पुनःभरिने दरमा प्रत्यक्ष परेको छ ।

वर्षामा आएको बाढीले जलस्रोत व्यवस्थापन गर्ने कुनै पूर्वतयारी नहुँदा पानी बगेर जान्छ, तर खडेरी बेलामा तान्न पानी हुँदैन । यस्तो असन्तुलन समाधान गर्न जल संरक्षणका पूर्वाधार—जस्तै वर्षा जल संकलन प्रणाली, सानो जलाशय, तालतलैया—निर्माणमा लगानी हुनु अत्यावश्यक छ ।

**वन विनाश र भू–प्रकृति परिवर्तन**

मधेशका धेरै भूभागमा विगत दुई दशकमा सघन वन विनाश भएको छ । नदी किनारका वन क्षेत्र, सार्वजनिक जग्गा, र उपयुक्त जलपोषण क्षेत्रहरूलाई अवैध बस्तीकरण, ईँटाभट्टा, र खेतीयोग्य जमिनमा रूपान्तरण गरिएको छ । यसले वर्षा पानी जमिनमा भिज्न नदिई सतही बगानमा परिणत गरिदिएको छ ।

नदी र खोलाहरूको प्राकृतिक बहाव अवरुद्ध गर्ने संरचनाहरू, जस्तै बाँध, अवैध उठान, अनियन्त्रित बालुवा÷गिटी उत्खनन आदिले भूजल स्तरमा गम्भीर गिरावट ल्याएको छ । यसले पानी पुनःभरणको प्राकृतिक चक्र नै भङ्ग गरिदिएको छ ।

**सामाजिक असमानता र जल पहुँच**

मधेशको जल संकट सामाजिक–आर्थिक विभाजनसँग पनि जोडिएको छ । दलित, मुसहर, थारु, मधेसी मुस्लिम समुदाय जस्ता सीमान्तकृत वर्ग अझ बढी प्रभावित छन् । कतिपय बस्तीहरूमा अझैपनि सार्वजनिक धारा, टंकी वा सुरक्षित हैण्डपाइप छैनन् । महिला र बालबालिकालाई टाढा–टाढाबाट पानी बोकेर ल्याउनुपर्ने बाध्यता अझै छ ।

जल संकटले स्वास्थ्यमा मात्र होइन, शिक्षामा पनि असर पार्छ । विद्यालयहरूमा पर्याप्त सरसफाइ र पानीको सुविधा नहुँदा छात्राहरूको उपस्थितिमा गिरावट आएको छ, विशेषगरी महिनावारी अवधिमा ।

**प्रविधि, शिक्षा र जनचेतनाको अभाव**

मधेशको जल संकट प्रविधिको अभावले मात्र होइन, उपयुक्त प्रविधि छनोट गर्न नजान्ने, त्यसको सही प्रयोग नगर्ने प्रवृत्तिले पनि जटिल बनाएको छ । सरकारी संयन्त्रमा तालिम प्राप्त जनशक्ति नहुँदा योजना बनाउने र कार्यान्वयन गर्ने क्षमतामा गम्भीर कमजोरी देखिन्छ ।

जनचेतना अभाव अर्को प्रमुख चुनौती हो । अनियन्त्रित हैण्डपाइप जडान, प्रदूषित पानीको प्रयोग, वा चन्दा उठाएर गुणस्तरीय काम नहुने अवस्था परिवर्तन गर्न 'पानी अधिकार' बारे व्यापक जनअभियान आवश्यक छ ।

**अन्तरप्रदेशीय र अन्तर्राष्ट्रिय सन्दर्भ**

मधेशका प्रमुख नदीहरू भारतबाट नेपालमा प्रवेश गर्छन् । कमला, बागमती, झाँझ, नारायणी, गण्डक जस्ता नदीहरू भारतसँग जोडिएका छन् । भारतले गरिरहेको बाँध निर्माण, जलधारा नियन्त्रण र नदी मोडाइका कारण पनि मधेशमा कहिले बाढी, कहिले सुख्खा भइरहेको छ ।

नेपाल–भारत जलसम्झौताहरू लामो समयदेखि विवादास्पद छन् । मधेशको जल संकटको समाधान संघीय सरकारले नीतिगत तहमा भारतसँग सहकार्य गरेर मात्र सम्भव हुनेछ । जल–कूटनीति मजबुत बनाउन सरकार गम्भीर हुनु आवश्यक छ ।

**सफल उदाहरणहरू**

पर्सा, रौतहट, धनुषा लगायत केही जिल्लामा केही सकारात्मक उदाहरणहरू पनि छन्, जहाँ स्थानीय तह, जनसहभागिता र नागरिक सचेतनाले मिलेर ओभरहेड टंकी, रेन–हार्भेस्टिङ, साना जलाशय निर्माण गर्न सफल भएका छन् ।

यस्ता उदाहरणलाई प्रदेशस्तरीय नमुनाका रूपमा पहिचान गरेर नीतिमा समावेश गर्न सकिन्छ । यिनले देखाउँछन्—जनसहभागिता, पारदर्शिता र प्रविधिको मिलन भए मधेशमा जल संकट समाधान सम्भव छ ।

**नीतिगत कमजोरी र सुधारका दिशाहरू**

मधेश प्रदेशको खानेपानी तथा सिँचाइसम्बन्धी नीतिहरू अद्यावधिक छैनन् । भूगर्भ जल व्यवस्थापन ऐन, प्रदूषित पानीको परीक्षण अनिवार्यता, वा अनुगमन संयन्त्र प्रभावकारी रूपमा लागू भएका छैनन् ।

पानी योजनाका लागि पारदर्शी डेटा बैंक निर्माण, भूगर्भीय नक्साङ्कन, समुदाय आधारित जल समिति गठन, र दिगो जल उपभोगका मापदण्डहरू अपनाउनु समयको माग हो ।

## मानसिक स्वास्थ्य जोखिममा बालबालिका



डा. टीका ढकाल

*बालबालिका मानव विकासका अपरिहार्य स्तम्भ हुन् । उनीहरूको शारीरिक, मानसिक, सामाजिक र नैतिक विकासको समुचित सन्तुलनले नै मुलुकको सुन्दर भविष्य निर्माण हुन्छ । शिक्षा केवल ज्ञान दिने प्रक्रिया मात्र होइन, व्यक्ति र राष्ट्र निर्माणको एउटा समग्र परियोजनासमेत हो । शिक्षाको मूल उद्देश्य भनेकै जीवनयात्रालाई सन्तुलित बनाउनु हो भने मानसिक स्वास्थ्य त्यस यात्राको प्रमुख मेरुदण्ड हो । यस सन्दर्भमा, बालबालिकाको मानसिक स्वास्थ्य ( मेन्टल हेल्थ ) लाई शिक्षण-सिकाइप्रक्रियाको केन्द्रमा राख्नु अनिवार्य देखिन्छ ।*

**मानसिक स्वास्थ्य के हो ?**

मानसिक स्वास्थ्य केवल रोग नभएको अवस्था मात्र होइन । यो यस्तो अवस्था हो, जहाँ व्यक्तिले आफ्ना भावनाहरूलाई सन्तुलित तरिकाले व्यवस्थापन गर्न सक्छ, समाजसँग अन्तरक्रिया गर्न सक्दछ, आफूमा आत्मविश्वास राख्छ, र जीवनको चुनौतीहरू सामना गर्न सक्षम हुन्छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार, *:भलतबर्ि जभबतिज ष्क ब कतबतभ या धर्भ्भि-दभष्लन ष्ल धजष्अज बल ष्लमष्खष्मगबर्ि चभबष्शिभक तजभष्च यधल बदष्ष्तिष्भक, अबल अयउभ धष्तज तजभ लयचकर्बि कतचभककभक या ष्भि, अबल धयचप उचयमगअतष्खभथि बलम ष्क बदभि तय ऋबपभ ब अयलतचष्दगतष्यल तय तजभष्च अक्कगलष्तथ*यस परिभाषाका अनुसार मानसिक स्वास्थ्य जीवनको सम्पूर्ण गुणस्तरसँग जोडिएको छ ।

आजको प्रविधि र आधुनिकताको तीव्र गतिमा अघि बढीरहेको हालको समाजमा बालबालिकाको मानसिक स्वास्थ्य एक जटिल र गम्भीर समस्याका रूपमा देखिन थालेको छ । प्रविधि, प्रतिस्पर्धा, अस्थिरता र अनिश्चितताको आजको यो वातावरणमा बालबालिकाहरू थुप्रै मानसिक दबाब, चिन्ता, डर, तनाव, थकान र अपरिभाषित अपेक्षाहरूको घेराभित्र बाँचिरहेका छन् । तिनको सूक्ष्म अध्ययन र समाधानको खोजी जरुरी भएको छ ।

विश्वमा मानसिक स्वास्थ्य समस्याको दर तीव्र गतिमा बढ्दो छ । युनिसेफको एक प्रतिवेदनअनुसार, विश्वका हरेक सातमध्ये एक बालबालिकाले कुनै न कुनै प्रकारको मानसिक स्वास्थ्य चुनौतीको सामना गरिरहेको छ । कोभिड-१९ महामारीपछिको यो समस्या अझ गम्भीर भएको छ । बालबालिकामा डिप्रेसन, एन्जाइटी, आत्मग्लानि जस्ता समस्याहरू तीव्र रुपमा बढेका छन् ।

नेपालकै सन्दर्भमा हेर्ने हो भने हाम्रा बालबालिकाको मानसिक स्वास्थ्यको अवस्था झनै समस्याग्रस्त बन्दै गएको छ ।ग्रामीण भेगका बालबालिकाहरूमा गरिबी, हिंसा, उपेक्षा, श्रमशोषण र भेदभावले मानसिक स्वास्थ्यमा नकारात्मक असरमा परिरहेका छन् भने शहरी क्षेत्रमा प्रतिस्पर्धा, सामाजिक तुलना, अनलाइन दुर्व्यसन, आमाबाबुबाटको दूरी आदिले मनोवैज्ञानिक असन्तुलन पैदा गरिरहेको छ । मनोरोगी बढिरहेका छन्, तर सरकारी नीति, विद्यालय संरचना र अभिभावकीय चेतनाको अभावले गर्दा समस्याहरू पहिचानमै सीमित छन् ।

**बालबालिकाको मानसिक अवस्था र वर्तमान संकट**

नेपालमा विद्यालयस्तरमै देखिने समस्याहरू जस्तै, एकान्तप्रेमी स्वभाव, अति आक्रोश, अत्यधिक प्रतिस्पर्धा, आत्मग्लानि, संवादको अभाव, अभिभावकीय दबाब, साथीबाट छुट्टिने डर र इन्टरनेट/मोबाइलको दुर्व्यसन जस्ता कुराले मानसिक असन्तुलन झन् बढाइरहेको छ ।

कतिपय अवस्थामा शिक्षक र अभिभावकले यी संकेतहरूलाई 'व्यवहार समस्या' भनेर बुझ्ने तर मनोवैज्ञानिक संकेतको रूपमा नहेर्ने प्रवृत्तिले समस्या थप जटिल बनाएको छ । किशोरावस्था जैविक, मानसिक र सामाजिक रूपान्तरणको संवेदनशील चरण हो ।

यस अवधिमा हुने हर्मोनल परिवर्तन (जस्तै टेस्टोस्टेरोन, एस्ट्रोजेन र डोपामिनको स्तरमा हुने उतारचढाव) ले उनीहरूको मुड, सोच, व्यवहार र निर्णय क्षमतामा गहिरो प्रभाव पारेको हुन्छ । यही परिवर्तनका कारण आत्मग्लानि, चिडचिडापन, डर, एक्लोपन, सामाजिक असुरक्षा र विद्रोही प्रवृत्ति देखिन सक्छ ।

कतिपय अवस्थामा साथीहरूबाट टाढिने, पढाइमा मन नलाग्ने, अनुशासनमा कमजोरी देखाउने वा आत्महीनताको भावनाले ग्रस्त हुने अवस्था पनि देखा पर्छ । यदि यस अवस्थालाई समयमै चिन्न नसकिने वा संवेदनशील शिक्षकले उचित मार्गदर्शन नदिने हो भने, विद्यार्थी गम्भीर मानसिक समस्यामा पर्ने सम्भावना बढ्छ । त्यसैले यो समयमा दिइने शिक्षा केवल किताबी होइन, भावनात्मक, व्यवहारिक र संवादमुखी हुनुपर्छ । शिक्षकले आत्मीयता, बुझाइ माया, मुस्कानसहित सिकाइको वातावरण सिर्जना गरेमा किशोर विद्यार्थीहरू मानसिक रूपमा सुदृढ, सृजनात्मक र उत्तरदायी रूपमा अघि बढ्न सक्छन् ।

**शिक्षकको असंवेदनशील व्यवहारका असरहरू**

कुनै विद्यार्थीले पढाइमा ध्यान नदिँदा, गृहकार्य नल्याउँदा वा अनुशासनमा समस्या हुँदा कतिपय शिक्षकले सम्हाल्ने भन्दा पनि गाली गर्ने, कराउने, ठूलो स्वरमा अपमान गर्ने र सार्वजनिक रूपमा कमजोरी औँल्याउने गरेको देखिन्छ । यस्तो व्यवहारले विद्यार्थीमा 'म केही हैन, मेरो इज्जत छैन र शिक्षकले हेप्छन् मलाई, घृणा गर्छन् मलाई, 'म सबैभन्दा कमजोर हुँ' भन्ने आत्मग्लानी र अस्वीकृतिको भावना उत्पन्न गराउँछ । यस्तो स्थिति उनीहरूलाई मनोवैज्ञानिक रूपमा कमजोर बनाउँछ, आत्मविश्वास गुमाउँछन र समाज वा कक्षाबाट टाढा रहन कोसिस गर्छन् ।

शिक्षकहरू बालबालिकासँग प्रत्यक्ष सम्पर्कमा रहने सबैभन्दा प्रभावशाली व्यक्तित्व हुन् । उनीहरूले विद्यार्थीहरूको व्यवहार, भावनात्मक संकेत र सामाजिक सहभागितालाई प्रत्यक्ष रुपमा अवलोकन गर्न पाउँछन् । तसर्थ, उनीहरूले आफूलाई संवेदनशील, सहानुभूति सम्पन्न र व्यवहारिक रुपमा सजग बनाउँदै, परामर्शदाताको भूमिकामा प्रस्तुत गर्न सक्नुपर्छ। त्यसका लागि प्रशिक्षित हुनु, बाल मनोविज्ञान बुझ्न सक्ने क्षमता विकास गर्नु अत्यावश्यक छ । शिक्षकले प्रयोग गर्ने भाषा शैलीले बालमस्तिष्कमा गहिरो प्रभाव पार्दछ ।

कठोर, अपमानजनक वा विवादास्पद शब्द प्रयोगले विद्यार्थीको आत्मविश्वासमा चोट पुग्न सक्छ, जुन मानसिक स्वास्थ्यमा दीर्घकालीन असर पुर्याउन सक्छ । त्यसैले शिक्षकको भाषा सधैं सभ्य, नम्र र सकारात्मक हुनुपर्छ । विशेष गरी यदि कुनै विद्यार्थी कुनै मानसिक समस्यामा परेको आशंका गरिन्छ भने, सार्वजनिक रूपमा टिप्पणी गर्नुको सट्टा गोपनीयताको सम्मान गर्दै व्यक्तिगत रूपमा उसँग संवाद गर्नुपर्छ ।

यस्तो संवेदनशील क्षणमा शिक्षकले निकट भएर, भरोसा दिलाएर, आत्मीयता र सम्मानसहित व्यवहार गर्न सक्नुपर्छ। यस्ता व्यवहारिक संवेदनशीलता र सहानुभूतिपूर्ण दृष्टिकोणले मात्र विद्यार्थीको मनोबल उठाउन सकिन्छ र मानसिक समस्या न्यूनीकरणतर्फ सार्थक कदम चाल्न सकिन्छ ।

**तुलनात्मक र दबाबपूर्ण शैलीको असर**

यदि शिक्षकले बारम्बारतिमीले फलानो जस्तै पढ्न सक्दैनौ ? सबैले बुझ्छन्, तिमी किन बुझ्दैनौ ? तिमी सधैं ढिलो गर्यौ, अरूले समयमै गर्छन् भन्ने तुलनात्मक दृष्टिकोण प्रयोग गर्दा बालबालिकामा ईर्ष्या, हीन भावना र डर पैदा हुन्छ। यसले उनीहरूमा आत्मसमर्पण गर्ने, आफ्नो पहिचान लुकाउने वा एक्लोपन रोज्ने प्रवृत्ति बढाउँछ ।

**वास्तविक समस्या नबुझ्दा थपिने चुनौती**

धेरै बालबालिकाले घरको समस्या, हिंसा, गरीबी, ध्यान नपाइने अवस्था, वा यौनजन्य हिंसा समेत झेलिरहेका हुन सक्छन् । यस्तो संवेदनशील अवस्था उनीहरूको ध्यान, व्यवहार र भावनामा देखिन्छ । तर शिक्षकले ती व्यवहारलाई नबुझि केवल 'उपनाम दिने', 'ध्यान नदिने' वा 'लाज नमान्ने'जस्ता शब्द भन्दै फरक व्यवहार देखाइयो भने समस्या समाधान होइन, समस्या थप समस्या उत्पन्न हुन जान्छ ।

शिक्षक स्वयम्लाई विद्यार्थीको 'मनको डाक्टर' हो भन्ने बोध नभएसम्म बालबालिकाको भित्री संघर्ष देखिन्न । बालबालिकाले शिक्षकलाई आफ्ना भावना, डर, चिन्ता र चाहना भन्न सकून् भन्ने विश्वासको वातावरण निर्माण गर्नु सबैभन्दा पहिला आवश्यक छ । असरहरुमा आत्मग्लानि र मानसिक थकान, कक्षाबाट टाढिने, उपस्थिति कम हुने, हिंसात्मक वा आत्मविनाशकारी व्यवहार, सामाजिक संवादको अभाव, दीर्घकालीन डिप्रेशन वा आघात पर्न जान्छ ।

**शिक्षकको भूमिका: संवेदनशीलता र परामर्शदाताको अभ्यास**

**१. संवेदनशील शिक्षक बुझ्ने प्रयास**

शिक्षकले हरेक विद्यार्थीको व्यक्तिगत अवस्था बुझ्न सक्नुपर्छ । उनीहरूको व्यवहार, अनुहारको हाउभाउ, संवादको शैली, एक्लोपनको संकेत आदि सूक्ष्म रूपमा विश्लेषण गर्न सक्ने संवेदनशीलता आवश्यक छ । 'किन चुप लागिरहेको छन ?', 'हिजो त हाँसिरहेको थिए आज किन टाउको झुकाएर बसिरहेको छन् ?' यस्ता प्रश्नहरू शिक्षक लागि संकेतका सूचक बन्न सक्छन् ।

**२. परामर्शदाताको भूमिका निर्वाह गर्न तालिम आवश्यक**

शिक्षकहरूलाई विद्यार्थीको मनोविज्ञान बुझ्न सक्ने स्तरको तालिम दिन आवश्यक छ । 'बाल मनोविज्ञान', 'मनोस्वास्थ्य शिक्षा', 'सकारात्मक संवाद' र 'आचरण संशोधनको प्रविधि' सम्बन्धी तालिम अनिवार्य बनाइनु पर्छ । यसले शिक्षकलाई केवल पाठ्यपुस्तक आधारित होइन, विद्यार्थी केन्द्रित सिकाइको संरचनामा रूपान्तरण गर्न सहयोग पुर्याउँछ ।

**३. सुनुवाइ र मनोबल वृद्धिमा केन्द्रित व्यवहार**

शिक्षकले विद्यार्थीको कुरा ध्यानपूर्वक सुन्ने अभ्यास विकास गर्नुपर्छ । उनीहरूको अनुभव र भावनाको कदर गर्नुपर्छ । 'तिमी ठीक छौ ?', 'म तिम्रो कुरा सुन्न तयार छु', भन्ने शैलीले विद्यार्थी हरुले आफ्नोपनाको महसुस गर्छन् ।

**४. सकारात्मक वातावरण निर्माण**

शिक्षकले विद्यालयलाई डरको होइन, आत्मविश्वास निर्माण गर्ने स्थान बनाउनुपर्छ । त्यसका लागि सहकार्यमा आधारित कक्षा व्यवस्थापन, समूह संवाद, सांस्कृतिक/सृजनात्मक गतिविधि र भावनात्मक समर्थन आवश्यक हुन्छ ।

**अभिभावक र समाजको सहकार्य**

**१. अभिभावकीय व्यवहार र समर्थन प्रणाली**

अभिभावकले प्रतिस्पर्धा, तुलना र अंकमा मात्र केन्द्रित अपेक्षा गर्नुको सट्टा बालबालिकाको रुचि, क्षमता र मानसिक अवस्था बुझ्नुपर्छ । उनीहरूको भित्रीचाहाना सुन्ने, आत्मीय रुपामा समय बिताउने र प्रशंसा गर्नेप्रवृत्ति हुनुपर्छ । यो पनि शिक्षकसँग नियमित संवाद र समन्वय गरेर गर्नुपर्छ ।

**२. सामाजिक–सांस्कृतिक सहकार्य र सहयोगी संरचना**

समाजले बालमैत्री वातावरण निर्माण गर्नुपर्छ । जस्तैः बाल संवाद केन्द्र, समुदायस्तरीय काउन्सेलिङ समूह, स्थानीय पुस्तकालय र खेलकुद केन्द्रहरू । यसले बालबालिकाको व्यक्तित्व विकास र तनाव निवारणमा दीर्घकालीन सहयोग पुर्यायउँछ ।

**नीतिगत सन्दर्भ र सुधारका सिफारिसहरू**

नेपालको विद्यालय प्रणालीमा शिक्षकलाई मानसिक स्वास्थ्यसम्बन्धी जिम्मेवारी निर्वाह गर्न सक्ने बनाउनु शिक्षानीति अन्तर्गत समेटिनुपर्ने मुख्य विषय हो । हालसम्म केन्द्रीय पाठ्यक्रम विकास केन्द्र वा शिक्षा तथा मानव स्रोत मन्त्रालयले यसलाई गम्भीरतापूर्वक लिएको छैन ।

**सिफारिसहरूः**

शिक्षक तालिम पाठ्यक्रममा मानसिक स्वास्थ्य शिक्षा समावेश

विद्यालयस्तरमा अनिवार्य परामर्शदाता नियुक्त

विद्यालयमा 'भावनात्मक सुरक्षा नीति' निर्माण

मनोस्वास्थ्य सन्दर्भ सामग्री नेपाली भाषामा विकास र वितरण

अभिभावक लक्षित अभिमुखीकरण कार्यक्रम सञ्चालन आदि ।

**निष्कर्षः**

बालबालिका भावी राष्ट्रका निर्माता हुन् । उनीहरूको मानसिक स्वास्थ्यलाई संरक्षण गर्नु भनेको राष्ट्रको भविष्य सुनिश्चित गर्नु हो । विद्यालय केवल ज्ञान दिने स्थान होइन, भावनात्मक अभिव्यक्ति र आत्मबलको पाठशाला पनि हुनुपर्छ। त्यसको मूलमा शिक्षक छन् । हरेक शिक्षकले आत्मसमीक्षा गर्दै 'म विद्यार्थीको मन बुझ्न सक्ने संवेदनशील व्यक्ति हुँ कि होइन ?' भन्ने प्रश्न गर्नुपर्छ ।

साथै, शिक्षक मात्र होइन, अभिभावक र समाजको सक्रिय सहभागितामा मात्र समग्र मानसिक स्वास्थ्यको संरचना बलियो हुन्छ । शिक्षकको संवेदनशीलता, परामर्शदाताको दृष्टिकोण र राज्यको जिम्मेवारीसाथको संरचनागत सुधारले बालबालिकाको मानसिक सन्तुलन, आत्मविश्वास र सृजनात्मक क्षमतालाई नयाँ उचाइ दिन सक्दछ ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# लागुऔषध नियन्त्रणमा गृहमन्त्री लेखकको सक्रियता

**काठमाडौँ ।**

गृहमन्त्री रमेश लेखकले गृहमन्त्रालयको जिम्मेवारी सम्हालेलगत्तै नयाँ चार चुनौती औँल्याएका छन । लागुऔषधको अवैध कारोबार र ओसारपसार नियन्त्रण गर्नु पहिलो हो । लागुऔषधसँगै सडक दुर्घटना, आत्महत्या र साइबरक्राइमजस्ता चुनौती थपिएको निष्कर्षसहित त्यसको नियन्त्रणमा सक्रियता बढाउनुभएका गृहमन्त्री लेखकको पहिलो वर्षको कार्यकालमा लागुऔषधविरुद्ध मुलुकभर नियन्त्रणका लागि महाभियान सञ्चालन गरे ।

काठमाडौँ उपत्यकामा लागुऔषधविरुद्धको प्रहरीमार्फत महाभियान सञ्चालन भइरहेका छन् । गृहमन्त्री लेखकले लागुऔषध नियन्त्रणका लागि मातहतका प्रहरीका साथै आमनागरिक, अभिभावकलगायत सरोकार भएका निकायले महाभियानमा साथ दिनुपर्नेमा जोड दिए । मुलुकभर विभिन्न कार्यक्रममार्फत लागुऔषधसम्बन्धी सचेतनासँगै कारबाहीलाई पनि द्रुतगतिमा अघि बढाएका मन्त्री लेखकले गति दिएअनुसारको सफलता प्राप्त हुँदै गएको छ ।

मन्त्री लेखकले नेतृत्व सम्हालेयता बितेको एक वर्षमा नेपाल प्रहरीले मात्रै लागुऔषध मुद्दामा सात हजार ९४३ जना स्वदेशी तथा विदेश अभियुक्त पक्राउ गरेको छ । जुन पक्राउ सङ्ख्या अघिल्लो आर्थिक वर्षभन्दा एक हजार २०१ बढी हो ।

अघिल्लो आव २०८०/८१ मा छ हजार ७४२ जना पक्राउ परेका थिए । गत आव २०८१/८२ मा पक्राउ पर्नेमा सात हजार १९७ पुरुष, ४२१ महिला, ३०७ भारतीय नागरिक र १८ अन्य मुलुकका नागरिक रहेका प्रहरीको लागुऔषध नियन्त्रण ब्युरोका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक कृष्णप्रसाद कोइरालाले जानकारी दिए । उनका अनुसार सो अवधिमा लागुऔषधका पाँच हजार ११० मुद्दा दर्ता भएका छन् । यो अवधिमा २० किलो ९२८ ग्राम कोकिन, १८५ किलो ५८ ग्राम अफिम, ४८ किलो ४६५ ग्राम खैरो हिरोइन, ८२९ किलोग्राम चरेश र ५१४३९ ग्राम गाँजा बरामद भएको छ ।

त्यसैगरी एक वर्षको अवधिमा एम्पुल २२०,४१०, नाइट्राजेपाम ९३,४२४, कोडिन सिरप (कोरेक्स) ८९४० लगायत ठुलो मात्रामा अन्य लागुऔषध प्रहरीले बरामद गरेको छ ।

अघिल्लो आवभन्दा मन्त्री लेखकको कार्यकालको पहिलो वर्षमा कोकिन मात्रै सात किलोग्राम विगतभन्दा बढी बरामद भएको ब्युरोको तथ्याङ्कबाट देखिन्छ । ब्युरोको तथ्याङ्कअनुसार आव २०७९/८० मा लागुऔषधसम्बन्धी चार हजार १०० मुद्दा दर्ता भई छ हजार १८६ जना पक्राउ परेका थिए भने आव २०८०/८१ मा चार हजार ४२४ मुद्दा दर्ता भई छ हजार ७४२ जना पक्राउ गरिएको थियो ।

मन्त्री लेखकले लागुऔषध नियन्त्रण तथा अवैध ओसारपसारलाई नियन्त्रण उच्च प्राथमिकतामा राखेकाले सफलता हासिल हुँदै गएको छ । सवारी दुर्घटना बढ्नुका साथै आत्महत्या, साइबरक्राइमलगायत आपराधिक घटनाका पछाडि पनि लागुऔषध प्रयोग एउटा कारकका रूपमा देखिएको ब्युरोको भनाइ छ ।

खैरोहिरोइन, एम्पुल, नाइट्राजेपाम, टामाडोललगायतका अन्य औषधि मुलुकभित्र प्रयोग बढ्दो छ भने कोकिन, अफिम, चरेश र गाँजा भारत तस्करी हुने गरेको छ । प्रहरीले देशभरका जिल्ला प्रहरी कार्यालयमा अभियुक्तविरुद्ध मुद्दा चलाउँदै आएको छ भने लागुऔषध नियन्त्रण ब्युरो र ब्युरो मातहतका दश वडा कार्यालय यसको नियन्त्रणमा सक्रिय छन् ।

ब्युरोको विवरणअनुसार पनि गत आवमा मात्रै एक हजार ६७५ जनालाई मुद्दा चलाइएको छ । अघिल्लो आवमा ब्युरोले एक हजार १९३ जनाविरुद्ध मुद्दा चलाएको थियो भने आव २०७९/८० मा ब्युरोले ९३७ जनाविरुद्ध मुद्दा चलाएको थियो । विवरणअनुसार ब्युरोको सक्रियता बढेकै कारण अभियुक्तहरु पक्राउ पर्ने क्रम बढेको छ । त्यसैगरी सशस्त्र प्रहरी बलले लागुऔषध नियन्त्रणका लागि सक्रियता बढाएको छ । बितेको एक वर्षमा सशस्त्र प्रहरी बलले लागुऔषध कारोबार तथा ओसारपसारमा संलग्न ४६० जनालाई पक्राउ गरेको छ ।

सशस्त्र प्रहरी बलले 'नशारहित युवा–हाम्रो देशका कर्णधार, सिमानाको रक्षा–राष्ट्र निर्माणको आधार' भन्ने नाराका साथ लागुऔषध नियन्त्रणमा जुटेको छ । सशस्त्र प्रहरी बलले यो अवधिमा ठूलो मात्रामा लागुऔषध समेत सीमानाका क्षेत्रबाट बरामद गरेको सशस्त्र प्रहरी बल नेपालका प्रवक्ता सशस्त्र प्रहरी नायब महानिरीक्षक कालीदास धौवजीले जानकारी दिए । रासस

# छुवाछुतको भावना राख्ने मानिस अझै हाम्रो समाजमा छन्ः मन्त्री पन्त



**काठमाडौं ।**

प्रतिनिधिसभाको विधायन व्यवस्थापन समितिको बुधबार बसेको बैठकमा राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ माथि दफावार छलफल भएको छ ।

छलफलका क्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री रघुजी पन्तले समाज रूपान्तरणको सन्दर्भमा कानुन निर्माणको आवश्यकता बारे धारणा राखेका छन् । उनले समाजमा अझै पनि छुवाछुतजस्ता प्रवृत्ति विद्यमान रहेको उल्लेख गर्दै त्यसका विरुद्ध कानुनी उपाय आवश्यक रहेको बताएका हुन् ।

'हामी सबै समाज परिवर्तन गर्न लागेका मान्छेहरू यहाँ छौं,' मन्त्री पन्तले भने, 'तर हाम्रो समाजको वास्तविकता के हो भने अझै पनि छुवाछुतको भावना राख्ने मानिस छन् । जसको मनमा त्यो भावना छ, सबैलाई दण्डित गर्न सकिन्न, तर गल्ती गरे दण्डित गर्नुपर्छ ।'

उनले अपराध वर्गीकरणको महत्त्वसमेत औंल्याए । अपराधका प्रकृति फरक हुने भएकाले कानुन निर्माण गर्दा तीनको श्रेणी निर्धारण आवश्यक रहेको उनको भनाइ छ । 'कुन अपराध कुन श्रेणीको हो भन्ने निर्धारण गर्नुपर्छ, सबै अपराध एउटै श्रेणीका हुँदैनन्, त्यसैले कानुन निर्माणमा सिद्धान्त बनाएर जाँदाखेरि अरु कानुनहरुमा पनि केही कुराहरु राखेर जानुपर्ने हुन्छ ।' मन्त्री पन्तले भने ।

साथै, उनले प्रशासनिक संरचनामा देखिएको कानुनी अस्पष्टताको विषयमा पनि प्रकाश पारे । उनले, हाल सचिवभन्दा मुनिको तर सहसचिवभन्दा माथिको तह कानुनी रूपमा स्पष्ट नभएको बताए । रासस

# 'शहरी र ग्रामीण स्वास्थ्य सेवामा ठूलो खाडल छ'



**काठमाडौँ ।**

राष्ट्रियसभाको बुधवारको बैठकमा सांसदहरूले ग्रामीण क्षेत्रमा दक्ष चिकित्सक, नर्स, प्राविधिक ल्याब, आवश्यक उपकरण अभाव रहेको भन्दै सबैका लागि स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न सभाअध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराएका छन ।

बैठकको शून्य समयमा सांसदहरूले अहिले पनि सहरी र ग्रामीण स्वास्थ्य सेवामा ठूलो खाडल रहेकाले सहरदेखि ग्रामीण क्षेत्रमा चिकित्सक, नर्स, प्राविधिक ल्याब, उपकरण, औषधिलगायत सेवाको प्रभावकारी व्यवस्था गर्न माग गरे ।

सांसद इन्दिरादेवी गौतमले ग्रामीण क्षेत्रका स्वास्थ्य संस्थामा दक्ष चिकित्सक, नर्स, प्राविधिक ल्याबसहित आवश्यक उपकरण र यातायात सेवा पर्याप्त नहुँदा ग्रामीण क्षेत्रका समुदाय गम्भीर स्वास्थ्य सङ्कटबाट गुज्रिरहेका बताए ।

यही कारणले सहरी र ग्रामीण स्वास्थ्य सेवामा ठूलो खाडल रहेको भन्दै उनले स्वास्थ्य राष्ट्रिय प्राथमिकताको विषय भएकाले त्यसका लागि आवश्यक नीति, बजेट र सबैको सहज पहुँच विस्तार गर्न सभाअध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराए ।

सांसद गङ्गाकुमारी बेल्वासेले वीर अस्पतालमा आवश्यक जनशक्ति, स्रोत साधनको व्यवस्था गरी उपचार सेवालाई व्यवस्थित सहज, सुलभ र प्रभावकारी बनाउन सरकारसमक्ष माग गरे । सांसद गोपीबहादुर अच्छामीले 'विश्व जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गरौँ, वन, वातावरण र पर्वावरणयुक्त सामग्री प्रयोग गरौँ' भन्ने मूल नाराका साथ दिक्देल रुपाकोट मजुवागढी नगरपालिकाका प्रमुख मेयर यही साउन ११ देखि अनशनरत रहेकाले उनको सात बुँदे मागको सुनुवाइका लागि सरकारको ध्यानाकर्षण गराए ।

संसद् जगप्रसाद शर्माले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवद्र्धन गरी मुलुकको अर्थतन्त्रको सवलीकरणका लागि प्रभावकारी कदम चाल्न सभाअध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराए । उनले राष्ट्र निर्माणमा आर्थिक योगदान गर्नेलाई गणतन्त्र दिवस र संविधान दिवसमा उचित सम्मानको व्यवस्था गर्न माग गरे ।

सांसद तुलसाकुमारी दाहालले प्रधानमन्त्री र गृहमन्त्रीले दिएको निर्देशन बमोजिम घोषित सुक्खाग्रस्त क्षेत्रमा सिँचाइको व्यवस्था कार्यान्वयन गर्न माग गरे । प्रधानमन्त्रीले सुक्खाग्रस्त क्षेत्र मधेस प्रदेशको अनुगमन गरी करिब पाँच सय डिपबोरिङको व्यवस्था गर्ने आश्वासन दिएको तथा गृहमन्त्रीले तराई–मधेसका २१ जिल्लामा प्रमुख जिल्ला अधिकारीलाई डिपबोरिङ गाड्नसक्ने आवश्यकस्थानको सम्भावनास्थल खोजी गर्न निर्देशन दिएका थिए ।

यही साउन १३ गते राष्ट्रिय गौरवको आयोजना रानी जमरा कुलरिया सिँचाइ आयोजनाअन्तर्गतको विद्युत् प्रसारण लाइनको उद्घाटन गर्नुभएको बताउँदै उनले यसबाट १४ हजार ३०० हेक्टर जमिन सिँचाइ हुने तथा चार दशमलव ७१ मेगावाट विद्युत् उत्पादन हुने आकलन गरिएकाले यसको कार्यान्वयन गर्न माग गरे ।

सांसद मायाप्रसाद शर्माले राष्ट्रियसभाका सङ्कल्प प्रस्ताव र जरुरी सार्वजनिक महत्त्वका विषयहरू कति कार्यान्वयन भए र कति कार्यान्वयन हुन बाँकी छन् सभाअध्यक्षमार्फत सरकारसँग जवाफ माग गरे । उनका अनुसार सभाबाट सङ्घीयता कार्यान्वयनसम्बन्धी प्रस्ताव, यौन अपराध हद म्यादसम्बन्धी प्रस्ताव, दलित अधिकारसम्बन्धी प्रस्ताव, अपाङ्गता भएका व्यक्तिसम्बन्धी प्रस्ताव, सवारी दुर्घटना न्यूनीकरणसम्बन्धी, ज्येष्ठ नागरिक जीवन गुणस्तरीय बनाउने सम्बन्धी, मूल्यवृद्धि नियन्त्रण, खानेपानीसम्बन्धी र सुदृढ अर्थतन्त्रका लागि प्रस्ताव पारित भएका छन् ।

सांसद राधेश्याम पासवानले सामाजिक सञ्जाल र पत्रपत्रिकामा ट्राफिक प्रहरीबाट एक मोटरसाइकल चालकलाई कुटपिट गरेको, चितवन र पोखरामा पनि मोटरसाइकल चालकमाथि कुटपिट भएको तथा ट्राफिक चेकजाँचका नाममा जनतालाई सास्ती दिने गरि ।एको भन्दै सरोकारवाला निकायको ध्यानाकर्षण गराए ।

सांसद सुमित्रा बिसीले देशका विभिन्न जिल्लामा महिला हिंसाका घटना बढिरहेका भन्दै गृहमन्त्रालयको ध्यानाकर्षण गराए । उनले सुर्खेतको वीरेन्द्रनगर–१३ मा दानसिं ठाडाले आफ्नै श्रीमती ४१ वर्षीया रविना ठाडाको हत्या गरेको, जनकपुरमा खुकुरी प्रहारबाट युवतीको हत्या भएको भन्दै यस्ता घटनाबाट महिलाहरू पीडित भइरहेकाले दोषीलाई कानुनी दायरामा ल्याउन सरकारसमक्ष माग गरिन ।रासस

# सामाजिक विकास ऐनसम्बन्धी विधेयकमाथिको छलफल सकियो

**विराटनगर ।**

कोशी प्रदेशसभाको बुधवारको बैठकमा 'सामाजिक विकास संस्था ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक' माथिको सैद्धान्तिक छलफल सकिएको छ ।

सैद्धान्तिक छलफलमा प्रदेशसभा सदस्य राधकृष्ण खनाल र किशोरचन्द्र दुलाले आ–आफ्नो सुझाव दिनुभएको थियो । प्रदेश सरकारका सामाजिक विकासमन्त्री पाँचकर्ण राईले विधेयकलाई समयसापेक्ष बनाउनुपर्ने भएकाले संशोधन गरिएको उल्लेख गरे । उनले छलफलमा उठेका विषय सान्दर्भिक रहेका बताउँदै विधेयकले प्रदेशभरिका सूचिकृत संस्थालाई नियमन गर्न सहज हुने धारणा राखे ।

सभामा प्राकृतिक स्रोत तथा पूर्वाधार विकास समितिका सभापति होमबहादुर थापाले 'खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्थागर्न बनेको विधेयक, २०८१' सम्बन्धी समितिको प्रतिवेदन वाचन गरे ।

बैठकको विशेष समय नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) कोशी प्रदेशसभा संसदीय दलकी प्रमुख सचेतक विद्या चाम्लिङले कोरोनाकालमा बिमा गरेर पनि बीमितले रकम नपाएकामा सरकारको ध्यानाकर्षन गराए ।

उनले 'जसको जोत त्यसको भोग' भन्ने भनाइलाई सावित गर्न वर्षौंदेखि भोगचलन गर्दै आएको तर धनीपुर्जा नपाएका सुकुम्बासीलाई धनीपुर्जा दिन आग्रह गरे ।

सदस्य चाम्लिङले संविधानप्रदत लोपोन्मुख, सीमान्तकृत, दलितका छोराछोरीलाई निःशुल्क उच्च शिक्षा हासिल गर्ने अधिकार स्थापित भए पनि नपाएकामा चिन्ता व्यक्त गरे ।

आजको बैठकको शून्य समयमा प्रदेशसभा सदस्य किशोरचन्द्र दुलाल, मीना श्रेष्ठ, रामदेव यादव, ममता तामाङ मगर, शोभा चेम्जोङ, कमलप्रसाद जवेगु र खगेश्वरी पौडेलले समसामयिक विषयमा प्रदेश सरकारको ध्यानाकर्षण गराएका थिए । प्रदेशसभाको अर्को बैठक भोलि दिउँसो १ बजे बस्नेछ ।रासस

# विकासशील राष्ट्रमा स्तरोन्नतिसम्बन्धी प्रतिवेदनमाथि छलफल

**काठमाडौँ ।**

राष्ट्रियसभाको बुधवारको बैठकमा 'नेपालको अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नतिसम्बन्धी अध्ययन प्रतिवेदन, २०८१ माथि छलफल भएको छ । बैठकमा विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कमला पन्तले प्रस्तुत गरेको प्रस्तावमाथि छलफल भएको हो । सो समितिले गत असार ५ गते प्रतिवेदन बनाई सदनमा पेस गरेको थियो ।

प्रस्ताव प्रस्तुत गर्नुहुँदै सभापति पन्तले यसबाट अन्तरराष्ट्रिय व्यापार थप हुनुका साथै स्तरोन्नतिबाट नेपालमा विभिन्न चुनौतीसमेत आउने बताए । लाभ र हानीका विषय प्रतिवेदनमा विस्तृत रूपमा उल्लेख भएका जानकारी दिए । स्तरोन्नतिका लागि तीन वटा शर्तमध्ये मानव सम्पत्ति र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क पूरा भए पनि प्रति व्यक्ति आयको सूचकाङ्क अझै पूरा नभएको जानकारी पनि सभापति पन्तले गराए थिए ।

स्तरोन्नतिपछि नेपालले विभिन्न क्षेत्रमा पाउँदै आएको सहुलियतमा असर पुग्ने, यात्रा सहुलियतमा कटौती हुने, विश्व बैंकले दिएको लोनमा पनि दुई प्रतिशत ब्याज लाग्ने खबर आएको पनि उहाँले सुनाए । यसका लागि नोभेम्बर २०२६ सम्मको कार्य योजना बनाई लागू गर्नुपर्ने उनको भनाइ छ ।

सदस्यहररू उर्मिला अर्याल, इन्दिरादेवी गौतम, मदनकुमारी शाह (गरिमा), पूजा चौधरी, शेखरकुमार सिंह, डा अञ्जान शाक्य, गोपाल भट्टराई, गङ्गाकुमारी बेल्वासे, किरण श्रेष्ठ, तुलसाकुमारी दाहाल, गोपीबहादुर सार्की अछामी, कृष्णप्रसाद पौडेल, रुक्मिणी कोइराला, भुवनबहादुर सुनार, नारायणदत्त मिश्र, पदमबहादुर परियार, विष्णुबहादुर विश्वकर्मा, विष्णुकुमारी सापकोटा, कृष्णप्रसाद अधिकारी, सुमित्रा बिसीले प्रस्तावमाथि आ–आफ्नो धारणा राखेका थिए ।

उनिहरूले स्तरोन्नतिबाट विकास सहायतामा कमी हुने, सुविधा पाएर गलैंचालगायत सामग्री नेपालबाट विदेशमा निर्यात भइरहेकामा के प्रभाव पार्छ भनी सरकारको तयारी के छ भनी प्रश्न गरे । बैठकमा अध्यक्ष नारायणप्रसाद दाहालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पत्र पढेर सुनाएका थिए ।रासस

# राष्ट्रियसभा बैठकः चलचित्र विधेयक स्वीकृत

**काठमाडौँ ।**

राष्ट्रियसभाको बुधवारको बैठकले 'चलचित्र विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्' भन्ने प्रस्तावलाई सर्वसम्मतीले स्वीकृत गरेको छ ।

सो प्रस्तावलाई उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बैठकमा प्रस्तुत गरेका थिए ।

यसअघि बैठकमा अध्यक्ष नारायणप्रसाद दाहालले 'नेपालको अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नतिसम्बन्धी अध्ययन प्रतिवेदन, २०८१' का सम्बन्धमा सांसदहरुले छलफलमा उठाएका विषयहरु र सो सम्बन्धमा प्रधानमन्त्रीले जवाफका सिलसिलामा व्यक्त गरेको विचारसमेतका आधारमा उक्त प्रतिवेदनमा समावेश भएको सुझावहरुलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिए ।

राष्ट्रियसभाको अर्को बैठक यही साउन २३ गते शुक्रबार बिहान ११ बजेर १५ मिनेटमा बस्नेछ । रासस

# पोखरा साहसिक पर्यटनको हबः परराष्ट्रमन्त्री देउवा

**गण्डकी ।**

परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले पोखरा साहसिक पर्यटनको हबका रूपमा विकसित भएको बताएकी छन। पोखराको लेकसाइटमा अंशुभरा ग्रुपले सञ्चालनमा ल्याएको बगैँचा रिसोर्ट स्पाको बुधवार शुभारम्भ कार्यक्रममा उनले पोखरा आफैँमा प्राकृतिक रूपमा सुन्दर सहरका रूपमा स्थापित भइसकेको उल्लेख गरिन । आफू बाल्यकालमा पोखरामा आएको स्मरण गर्दै मन्त्री देउवाले त्यसबेलामा यहाँको सुन्दरताले लोभ्याएको धारणा राखिन । पछिल्लो समयमा जलवायु परिवर्तनका असर सबै क्षेत्रमा परिरहेको उल्लेख गर्दै उनले उत्तर र दक्षिणतर्फका छिमेकमा बाढीको प्रभाव बढिरहेको समाचारहरू आएकाले हामी पनि सर्तक रहनुपर्नेमा जोड दिईन । यहाँ पनि अनावृष्टि र अतिवृष्टिको त्रास बढ्दै गइरहेको बताउँदै मन्त्री देउवाले जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्नेगरी सहकार्य र समन्वयमार्फत दिगो विकासमा सबै केन्द्रित हुनुपर्ने आवश्यकता औँल्याईन ।



जैविक विविधताको संरक्षणका लागि नेपालले महत्त्वपूर्ण योगदान गरिरहेको बताउँदै उनले पोखरामा सञ्चालित बगैँचा रिसोर्टले यस विषयलाई प्राथमिकतामा राखेको भन्दै प्रशंसा गरिन ।

'रिसोर्टमार्फ स्वदेशमा केही गर्नुपर्छ भन्ने सन्देशसमेत दिन खोजिएको छ । विदेशमा गरिने मेहनतले केवल पैसामात्र आर्जन हुने भए पनि यहाँ गरिने मेहनेतले स्वदेशमा योगदानसँगै इज्जत पनि प्राप्त हुन्छ', मन्त्री देउवाले भनिन ।

गण्डकी प्रदेशका पूर्वमुख्यमनत्री खगराज अधिकारीले पोखरा प्रकृतिको उपहार भएको बताए । नेपालमा आउने पर्यटकमध्ये ६८ प्रतिशत साहसिक पर्यटनको चाहना पोखरा आउने रहेको जनाउँदै उनले यही प्रदेशबाट पृथ्वीनारायण शाहले नेपालको एकीकरण, भानुभक्तले भाषाको एकीकरण गर्नुभएको उल्लेख गरे । अंशुभरा ग्रुपका अध्यक्ष एवं गण्डकी प्रदेशका सामाजिक विकासमन्त्री विन्दुकुमार थापाले पर्यटन, उद्यमशीलता र रोजगारीका क्षेत्रमा नविनतम सोचका साथ अघि बढिरहेको बताए । अंशुभरा गुरपका प्रबन्ध निर्देशक सौगात थापाले स्वदेशमा केही गर्नुपर्छ भन्ने सोचका साथ बगैँचा रिसोर्ट स्पा सञ्चालनमा ल्याइएको धारणा राखे । रासस

# चाँगुनारायणमा विदेशी पर्यटकः वार्षिक एक करोड १९ लाख आम्दानी



**भक्तपुर ।**
विश्व सम्पदा सूचीमा सूचीकृत चाँगुनारायण मन्दिरमा बितेका एक वर्षमा ३१ हजार २२५ विदेशी पर्यटक आएका छन् ।

चाँगुनारायण पर्यटक सूचना केन्द्रकी प्रमुख सविता बस्नेतका मन्दिरमा भारतलगायत सार्क राष्ट्रबाट पाँच हजार ७५६ पर्यटकको आगमन भएको हो । त्यसबाहेक युरोपेली देशबाट २५ हजार ४५९ पर्यटकको आएका छन् ।

विदेशी पर्यटकबाट चाँगुनारायणले रु एक करोड १९ लाख १० हजार ४०० राजस्व सङ्कलन गरेको छ । भारतलगायत सार्क राष्ट्रबाट आएका पर्यटकबाट प्रतिव्यक्ति ३०० रुपैयाँ का दरले पर्यटन शुल्कबापत १७ लाख २६ हजार ८०० रुपैयाँ राजस्व सङ्कलन भएको हो । त्यस्तै अन्य राष्ट्रबाट आएका पर्यटकबाट प्रतिव्यक्ति ४०० रुपैयाँ का दरले एक करोड एक लाख ८३ हजार ६०० रुपैयाँ सङ्कलन भएको उनले जानकारी दिए ।

चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले पर्यटन शुल्कबापत सङ्कलन भएका रकमलाई नगरपालिकाले चाँगुनारायण क्षेत्रसँगै नगरभित्रका विभिन्न ऐतिहासिक, धार्मिक, पुरातात्विक एवं पर्यटकीय क्षेत्रको विकासका लागि खर्च गर्दै आएको बताए ।रासस

# आन्तरिक ऋण शतप्रतिशत उठ्दा बाह्य ऋण ५७ प्रतिशतमा खुम्चियो

**काठमाडौँ**
गत आर्थिक वर्ष २०८१/८२ मा सरकारले आन्तरिक ऋण शतप्रतिशत उठाउँदा बाह्य ऋण भने ५७ प्रतिशत हाराहारी मात्रै उठाउन सकेको देखिएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको गत असार मसान्तसम्मको सरकारी ऋणको प्रतिवेदनअनुसार गत आवमा आन्तरिक ऋणका लागि राखिएको तीन खर्ब ३० अर्ब रुपैयाँको लक्ष्य शतप्रतिशत पूरा भएको छ । तर बाह्य ऋणतर्फ दुई खर्ब १७ अर्ब रुपैयाँ उठाउने भनिएकोमा ५७ दशमलव ७९ प्रतिशतअर्थात् एक खर्ब २५ अर्ब ३९ करोड ९९ लाख रुपैयाँ मात्रै उठाइएको हो । अर्थात् गत आवमा सरकारले ९१ अर्ब ६० करोड एक लाख रुपैयाँ बराबर बाह्य ऋणत उठाउन सकेन।

सरकारको पुँजीगत खर्च न्यून हुनु र विकास आयोजनाको काम तोकिएको समयमा सम्पन्न हुन नसक्दा लक्ष्यअनुसार बाह्य ऋण उठाउन नसकिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख गोपीकृष्ण कोइरालाले राससलाई जानकारी दिए । 'पुँजीगत खर्च पर्याप्त नहुँदा र आयोजनाहरुको काम समयमा नसकिँदा सबै बाह्य ऋण उठाउन सकिएन । सरकारका वार्षिक आयोजना तथा कार्यक्रमहरुमा पहिले हाम्रो आफ्नै स्रोतबाट खर्च हुने र पछि ऋणदाताबाट शोधभर्ना गर्नुपर्ने हुन्छ । तर काम नै सम्पन्न नभएपछि त्यसको शोधभर्ना पनि माग्न मिलेन । यसकारण बाह्य ऋण कम उठेको हो', कोइरालाले भने।

तुलनात्मक रुपमा आन्तरिक ऋणभन्दा बाह्य ऋणको ब्याजदर सस्तो हुने र भुक्तानी अवधि पनि लामो हुन्छ । अर्कोतर्फ आन्तरिक ऋणलाई चालुगत प्रकृतिका शीर्षकमा सरकारले जथाभावी खर्च गर्ने तर बाह्य ऋणलाई ऋणदाताले समेत पुँजीगत प्रकृतिका र पुँजी निर्माणमा बढी केन्द्रित गर्नुपर्ने शर्त राख्ने भएकोले बाह्य ऋणलाई बढी प्रभावकारी मानिन्छ।

त्यस्तै, बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाह हुनुपर्ने कर्जालाई सरकारले नै प्रयोग गरिदिँदा मुद्राबजारमा समेत त्यसको असर देखिने गरेको छ।

गत आर्थिक वर्षमा सरकारले कूल पाँच खर्ब ४७ अर्ब रुपैयाँ सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको थियो । जसमध्ये चार खर्ब ५५ अर्ब ३९ करोड रुपैयाँ प्राप्त भएको कार्यालयले जनाएको छ । वार्षिक लक्ष्यको तुलनामा गत आवको कूल सार्वजनिक ऋण प्राप्ति ८३ दशमलव २५ प्रतिशत हो।

कार्यालयका अनुसार गत आवमा मात्रै दुई खर्ब ३१ अर्ब आठ करोड रुपैयाँ थपिएर कूल सरकारी ऋण २६ खर्ब ६९ अर्ब ५७ करोड रुपैयाँ पुगेको छ। जुन कूल गार्हस्थ्य उत्पादनको ४३ दशमलव ७१ प्रतिशत हुन आउँछ । कूल सार्वजनिक ऋणमा असार मसान्तसम्म वैदेशिक ऋणको हिस्सा ५२ दशमलव ४९ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४७ दशमलव ५१ प्रतिशत छ । कार्यालयका अनुसार हाल सरकारले १२ खर्ब ६३ अर्ब छ करोड ४५ लाख रुपैयाँ आन्तरिक र १४ खर्ब एक अर्ब ३५ करोड २८ लाख रुपैयाँ बाह्य ऋण तिर्न बाँकी छ । कूल गार्हस्थ्य उत्पादनको आधारमा आन्तरिक ऋण २२ दशमलव १४ र बाह्य ऋण २४ दशमलव ५६ प्रतिशत हुन आउँछ।

त्यस्तै, गत आवमा सरकारी ऋणको साँवा ब्याज भुक्तानीका लागि चार खर्ब रुपैयाँ भन्दा बढी खर्च भएको छ। 'आव २०८१÷८२ मा ऋण सेवा खर्चमा चार खर्ब दुई अर्ब ८५ करोड रुपैयाँ विनियोजन भएकोमा असार मसान्तसम्म तीन खर्ब ६२ अर्ब ५९ करोड रुपैयाँ भुक्तानी भएको छ । यो वार्षिक बजेट विनियोजनको आधारमा ९० दशमलव ०१ प्रतिशत हो', कार्यालयको मासिक प्रतिवेदनमा भनिएको छ। कूल गार्हस्थ्य उत्पादनको आधारमा असार मसान्तसम्ममा ऋण सेवा खर्च पाँच दशमलव ९४ प्रतिशत रहेको छ।

गत आवमा सरकारले आन्तरिक ऋणको साँवा ब्याज भुक्तानीको लागि तीन खर्ब चार अर्ब १९ करोड १२ लाख रुपैयाँ खर्च गरेको छ भने बाह्य ऋणको साँवा ब्याज भुक्तानीका लागि रु ५८ अर्ब ४० करोड १३ लाख खर्चिएको छ।रासस

# गण्डकीमा ७९ हजार बढी हेक्टरमा रोपाइँ

**गण्डकी ।**
हालसम्म गण्डकी प्रदेशमा ७९ हजार ८३८ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको छ । जुन यस वर्ष रोपाइँ हुने क्षेत्रफलको झण्डै ८५ प्रतिशत हो । प्रदेश कृषि विकास निर्देशनालयका अनुसार यस वर्ष ९४ हजार १८२ हेक्टरमा रोपाइँ हुने अनुमान छ ।

पछिल्लो आकडाअनुसार सबैभन्दा धेरै बागलुङमा ९५ प्रतिशत, लमजुङमा ९३ दशमलव १८ प्रतिशत, कास्कीमा ९० दशमलव ०१ प्रतिशत, नवलपुरमा ७८ दशमलव ७० प्रतिशत, तनहुँमा ८८ प्रतिशत, म्याग्दीमा ८६ दशमलव ०५ प्रतिशत, स्याङ्जामा ८१ दशमलव ८४ प्रतिशत, गोरखामा ७८ दशमलव ४० र पर्वतमा ८० प्रतिशत रोपाइँ भएको हो ।

निर्देशनालयका कृषि अर्थविज्ञ मनोज पौडेलका अनुसार अकासे पानीमा निर्भर हुने क्षेत्रमा रोपाइँ केही ढिला भएको छ । वर्षाले साथ दिएमा आगामी सातासम्ममा अधिकांश क्षेत्रको रोपाइँ सकिने छ । हिमालपारिको जिल्ला मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धानखेती हुँदै आएको छ ।

गत वर्ष ९६ हजार ५३ हेक्टरमा धानखेती गरिएकामा यस वर्ष धानखेतीको क्षेत्रफल घटेको हो । घरघडेरीले धानको उब्जाउ क्षेत्र नासिनु, तीव्र सहरीकरणजस्ता कारणले धानखेतीको क्षेत्रफल खुम्चँदै गएको हो । क्षेत्रफल घटे पनि सिँचाइ, खेती प्रणालीमा सुधार, रोगकीरा नियन्त्रण, उन्नत बीउ, प्रविधि र मल व्यवस्थापन बेलैमा हुनसके धानको उत्पादकत्व बढ्ने कृषि अर्थविज्ञ पौडेलले बताए ।

गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानखेती गरिन्छ । प्रदेशको चार लाख ७९ हजार ६१७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्खे र चैते गरी झण्डै एक लाख हेक्टरमा धानखेती हुने गरेको छ ।रासस

# घरखर्च चलाउने आम्दानी बन्न थाल्यो निहुरो

**म्याग्दी।**
म्याग्दीको उच्च पहाडी क्षेत्रको जङ्गलमा पाइने डौडे (निहुरो)ले बजार पाउन थालेपछि आम्दानीको माध्यम बनेको छ।

केही वर्षअघिसम्म जङगलमा कुहिएर खेर जाने निहुरो बिक्री हुन थालेपछि ग्रामीण क्षेत्रका बासिन्दाले आम्दानीको स्रोत बनाउन थालेका हुन् । अन्नपूर्ण गाउँपालिका–१ दोवाका वडाध्यक्ष दिलीप गर्बुजाले सडक यातायात र ढुवानीको सुविधा भएपछि निहुरोले बजार पाएको बताए।

'बर्खेबाली लगाएर फुर्सदीला बनेका गाउँलेहरु साउन र भदौ महिनामा दैनिकजसो जङ्गलबाट टिपेर ल्याएको निहुरो गाडीवालालाई बेच्छन', उनले भने, 'गाडीवालाले गाउँबाट यात्रुसँगै डौडे बोकेर बजार पु¥याउँछन् ।' दोवामा निहुरोबाट वार्षिक २५ देखि ३० लाख रुपैयाँ नगद भित्रने गरेको वडाध्यक्ष गर्बुजाले बताए।

दोवाकी निहुरो सङ्कलक मायाकुमारी पुनले प्रतिकिलो ६५ देखि ७० रुपैयाँ मा गाउँबाटै निहुरो बिक्री हुने गरेको बताए । 'कुहिएर खेर गइरहेको निहुरो हाम्रा लागि आम्दानीको स्रोत बनेको छ', उनले भने, 'फुर्सदको समय सदुपयोगका साथै घरखर्च चलाउने आम्दानी जुटाएका छौँ।'

दोवाका साथै दग्नाम, चिमखोला, पाल्लेखेत, मुना र हिदीबाट बेनी आउने गाडीले दैनिक ५०० किलोग्राम निहुरो बेनीमा ल्याउने गरेका व्यापारीले बताएका छन् । बेनीका तरकारी तथा फलफूल व्यवसायी देवेन्द्र सुवेदीले गाउँबाट आउने निहुरो बागलुङ, कुश्मा र काठमाडौँ पठाउने गरेको बताए।

'बेनी आइपुग्दा प्रतिकिलो दौडेको मूल्य १०० रुपैयाँ देखि १२० रुपैयाँ सम्म पर्छ', उनले भने, 'गत वर्ष दैनिक एक हजार किलोग्राम निहुरो आउने गरेको थियो । यसपालि गाउँबाट गत वर्षको तुलनामा आधा मात्रै निहुरो आएको छ । माग धान्न सकिएको छैन।'

समुद्री सतहदेखि एक हजार ५०० देखि दुई हजार ५०० मिटर उचाइको ओसेपिलो ठाउँमा बर्खा याम निहुरो प्राकृतिक रुपमा उम्रन्छ । निहुरोको मुना छिप्पीएपछि सोत्तर हुन्छ । मुना अवस्थाको निहुरोलाई पकाएर तरकारी र अचारका रुपमा प्रयोग गर्न सकिन्छ । यो एक जैविक तरकारी समेत हो । निहुरो टुसा पलाएको चार÷पाँच दिनभित्र ठूलो झ्याङ भएको निउरो बन्छ। निहुरोमा एन्टीअक्सिडेन्ट पाइने भएकाले औषधीय र पोषणयुक्त तरकारीको रूपमा लिन थालिएको छ । बेनीका होटल व्यवसायी पूर्ण गौचनले पोषिलो, स्वादिलो र स्वस्थकर हुने भएकाले निहुरोको तरकारी र अचार पाहुनाले रुचाउने बताए।

स्वास्थ्यकर्मीहरुका अनुसार भिटामिन 'ए', 'बी' र 'सी' पर्याप्त मात्रामा पाइने निहुरोमा आइरनको मात्रा पनि हुन्छ । आँखाको दृष्टि कमजोर भएकाहरूले पनि नियमित खाँदा लाभदायक हुन्छ। मुटु र मधुमेह रोगीहरूका लागि पनि निहुरो निकै उत्तम आहार मानिन्छ । यसको तरकारी खानाले क्यान्सरका बिरामी, भाइरल खोकी, चिसो लाग्दा र फोक्सोका बिरामीलाई फाइदा हुने उपभोक्ताको अनुभव छ।रासस

# झापा इनर्जी लिमिटेडको आईपीओ निष्कासनमा

**काठमाडौं ।**
झापा इनर्जी लिमिटेडले आजदेखि आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दा र वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुका लागि आईपीओ निष्कासन गरेको छ ।

कम्पनीले गत असार ३१ गते प्रति शेयर १०० रुपैयाँ अंकित दरका ९ लाख ५० हजार ४७५ कित्ता साधारण शेयर जारी गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमति पाएको थियो । कम्पनीले कुल ४ लाख ३७ हजार २१९ कित्ता आईपीओ जारी गरेको छ । जसमध्ये प्रत्यक्ष प्रभवित क्षेत्रका बासिन्दाका लागि १ लाख ९० हजार ९५ कित्ता र आयोजनाको अप्रत्यक्ष प्रभावित क्षेत्रका बासिन्दाका लागि १ लाख ९० हजार ९५ कित्ता र नेपाल सरकारको सम्वन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि ५७ हजार २९ कित्ता आईपीओ जारी गरेको हो ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले छिटोमा साउन २८ गते र ढिलोमा भदौ १२ गते सम्म र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले भने छिटोमा साउन १८ गते र ढिलोमा साउन २८ गते सम्म आवेदन दिन सक्नेछन् । प्रभावित क्षेत्रका बासिन्दाले न्यूनतम १० कित्ता र अधिकतममा ५ हजार कित्ताका लागि आवेदन दिन सक्नेछन भने वैदेशिक रोजगारीमा रहेका नेपालीले न्यूनतम १० र अधिकतममा ५ हजार कित्ता शेयरका लागि आवेदन दिन सक्नेछन् ।

कम्पनीको आईपीओ निष्कासन तथा बिक्री प्रबन्धकको रुपमा हिमालयन क्यापिटल रहेको छ । धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सम्पूर्ण आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालय तथा मेरो शेयरबाट आवेदन दिन सकिनेछ् । कम्पनीले दोस्रो चरणमा आम सर्वसाधारणलाई आईपीओ जारी गर्नेछ ।रासस

# जापानमा सबैभन्दा धेरै गर्मीको रेकर्ड, १६ को मृत्यु

**टोकियो।**
जापानले आफ्नो सबैभन्दा तातो दिन रेकर्ड गरेको छ।

जलवायु परिवर्तनमा ध्यान केन्द्रित गर्न चरम मौसमको पछिल्लो उदाहरणको रूपमा जापानको बढदो तापक्रमलाई हेर्न सकिन्छ।

बुधबार टोकियोबाट करिब ५६० किलोमिटर दक्षिणपश्चिममा रहेको ताम्बा सहरमा ४१.२ डिग्री सेल्सियस (१०६.१६ डिग्री फरेनहाइट) तापक्रम रेकर्ड गरिएको हो । जुन अघिल्लो उच्च ४१.१ डिग्री सेल्सियस (१०५.९८ डिग्री फरेनहाइट) लाई उछिन्दै यो रेकर्ड बनाएको हो।

क्योटो प्रान्तको फुकुचियामा सहरमा पनि ४० डिग्री भन्दा माथिको तापक्रम रेकर्ड गरिएको छ । साथै, मनिवा शहर, ओकायामा प्रान्त र निशिवाकी शहर, ह्योगो प्रान्तको अवस्था पनि यस्तै रहेको छ।

बुधबार जापानको ४७ प्रिफेक्चर मध्ये ३३ मा हीटस्ट्रोक अलर्ट जारी गरिएको राष्ट्रिय प्रसारक एनएचकेको रिपोर्टमा भनिएको छ। बुधबारको रेकर्ड जापानमा अभूतपूर्व तापक्रम वृद्धिको श्रृंखलामा सबैभन्दा नयाँ हो।

आगलागी तथा प्रकोप व्यवस्थापन एजेन्सीका अनुसार जापानमा गत साता १० हजार ८०० भन्दा बढी मानिसलाई तातो स्ट्रोकका कारण अस्पतालमा पठाइएको थियो, जसमा गर्मीका कारण १६ जनाको मृत्यु भएको थियो।

गत महिना अर्थात जुन पूर्वी एसियाली देशले रेकर्डमा सबैभन्दा तातो महशुश गरेका थिए । औसत राष्ट्रव्यापी तापक्रम सामान्यभन्दा २.३४ डिग्री सेल्सियस (३६.२१ डिग्री फरेनहाइट) बढेको थियो।

खासमा जापानले सन् २०२४ मा अहिलेसम्मकै सबैभन्दा तातो वर्ष अनुभव गर्न सुरू गरेको हो, औसत तापक्रमले लगातार दोस्रो वर्षको रेकर्ड तोडेको स्थानिय सञ्चारमाध्यमले जनाएका छन् । एजेन्सी

# ४७.९३ अंकले घट्यो नेप्से कारोबार रकममा पनि गिरावट

**काठमाडौं।**
साताको चौथो कारोबार दिन बुधबार नेप्से परिसुचक ४७.९३ अंकले घटेको छ । यससँगै कारोबार रकममा समेत गिरावट आएको छ । नेप्सेमा आएको गिरावट सँगै आज परिसुचक २९५४.१४ बिन्दुमा झरेर रोकिएको छ । अघिल्लो दिन नेप्से तीन हजार बिन्दु माथि उक्लीएको थियो । यस दिन कुल ३२७ स्टकको १६ अर्ब ४४ करोड १३ लाख ५४ हजार ४०८ रुपैयाँको ३ करोड ६४ लाख १७ हजार ७४२ कित्ता शेयर कारोबार भएको छ। १ लाख ४१ हजार ५२० पटकको कारोबारमा उक्त कारोबार भएको हो । अघिल्लो कारोबार दिन मंगलबार १८ अर्ब ५२ करोड ९३ लाख २२ हजार ८८५ रुपैयाँ बराबरको ४ करोड १८ लाख ८ हजार ९६६ कित्ता शेयर कारोबार भएको थियो।

आज सेन्सेटिभ इन्डेक्स १०.७५ अंकले घटेको छ । फ्लोट इण्डेक्स ३.६३ अंकले घटेको छ भने सेन्सेटिभ फ्लोट इण्डेक्स भने ३.७४ अंकले घटेको छ । यसदिन सान्भी इनर्जी र ट्रेड टावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सान्भी इनर्जीको शेयर मूल्य यसदिन प्रतिकित्ता ७६.९० रुपैयाँले बढेर ८४५.९० रुपैयाँमा अन्तिम कारोबार भएको छ।

त्यसैगरी ट्रेड टावर लिमिटेडको शेयर मूल्य प्रतिकित्ता ८६.२० रुपैयाँले वृद्धि भएर ९४८.९० रुपैयाँमा अन्तिम कारोबार भएको छ । समता हाइड्रोपावरको शेयर मूल्य प्रतिकित्ता ७७.४३ रुपैयाँले बढेर १२२६.२७ रुपैयाँमा अन्तिम कारोबार भएको छ भने सिकलेस हाइड्रो पावरको शेयर मूल्य प्रतिकित्ता ४९.२५ रुपैयाँले बढेर १००३.९२ रुपैयाँमा अन्तिम कारोबार भएको हो।

यसदिन ग्रिन डेभ्लप्मेन्ट बैंकको शेयर मूल्य सबैभन्दा धेरै घटेको छ। यस कम्पनीको शेयर मूल्य आज प्रतिकित्ता ८.०४ प्रतिशतले घटेर १२४७.६२ रुपैयाँमा अन्तिम कारोबार भएको छ। कालिका पावर कम्पनीको शेयर मूल्य प्रतिकित्ता ६.०१ प्रतिशतले घटेर ६३०.४६ रुपैयाँमा अन्तिम कारोबार भएको छ।

यसदिन हिमालयन डिस्टिलरी लिमिटेड, हिमालयन रिइन्स्योरेन्स लिमिटेड, सिवम् सिमेन्ट र ग्रिनभेन्चस लिमिटेड कम्पनीको शेयर सबैभन्दा धेरै कारोबार भएको छ। रासस

# रुसमा ७.८ म्याग्निच्युडको शक्तिशाली भूकम्प, प्रशान्त महासागरभरि सुनामीको चेतावनी जारी

**काठमाडौं ।**
बुधबार बिहान रुसको कामचट्का प्रायद्वीपको पूर्वी तटमा ७.८ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको राष्ट्रिय भूकम्प विज्ञान केन्द्र (एनसीएस) ले जनाएको छ । जसले गर्दा रुस, जापान, गुआम, हवाई र अलास्का सहित प्रशान्त महासागरभरि सुनामीको चेतावनी जारी गरिएको छ ।

एनसीएसले सामाजिक सञ्जाल एक्समा पोस्ट गरे अनुसार, भूकम्प ५२.५६ उत्तर अक्षांश र १६०.१० पूर्वि देशान्तरमा गएको थियो र ५५ किलोमिटर गहिराइमा थियो । अमेरिकी राष्ट्रिय मौसम सेवाले सुनामी अलर्टहरूको श्रृंखला जारी गरेको छ र सुनामी अलर्टहरू, जसमा अट्टुदेखि अमेरिकाको समल्गा पाससम्म अलास्काको अलेउटियन टापुहरूको लागि सुनामी सल्लाह समावेश गरिएको छ । जसमा रुस र जापानको लागि सम्भावित सुनामीको खतरा रहेको जनाएको छ ।

जापानमा १ मिटरसम्म र रूसमा ३ मिटरभन्दा बढी अग्ला सुनामीका छालहरूको चेतावनी दिइएको छ । हवाई, गुआम र उत्तरी मारियाना टापुहरूको लागि पनि सुनामी सम्बन्धी सुचना जारी गरिएको छ । अमेरिकी भूगर्भीय सर्वेक्षण (युएसजीएस) का अनुसार, भूकम्प रूसको पेट्रोपाभ्लोभस्कबाट १३६ किलोमिटर पूर्व–दक्षिणपूर्वमा आएको थियो ।

यसैबीच, जापान मौसम विज्ञान एजेन्सीले भूकम्पपछि १ मिटरको सुनामी जापान पुग्न सक्ने बताएको छ । युएसजीएसका अनुसार, प्रशान्त प्लेट प्रतिवर्ष लगभग ७७ मिमीको दरले उत्तर अमेरिकी प्लेटको सापेक्षमा पश्चिम–उत्तरपश्चिम सर्दै जाँदा उथले उल्टो गल्तीको परिणामस्वरूप भूकम्प आएको हो । जबकि उत्तर अमेरिकी प्लेट उत्तर अमेरिकी महाद्वीपभन्दा बाहिर पश्चिमतिर फैलिएको छ । रासस

# नेवार समुदायको सांस्कृतिक पहिचान झल्कने बर्खे नाच शुरु



**म्याग्दी ।**
म्याग्दीको सदरमुकाम बेनीमा मङ्गलबारदेखि नेवार समुदायको तीन सय वर्ष पुरानो सांस्कृतिक पहिचानको रुपमा रहेको बर्खे नाच मङ्गलबारदेखि सुरु भएको छ ।
पहिलो दिन लाखे नाच प्रदर्शन गरिएको छ । करिब तीन सय वर्षअघि भक्तपुरबाट नेवार समुदाय बेनीमा आएसँगै बेनीमा नेवार संस्कृतिको अभिन्न अङ्ग मानिएको वर्षे नाच भित्रिएको जानकारहरु बताउँछन् । यसरी बेनीमा भित्रिएको बर्खे नाचअन्तर्गत हरेक वर्षको नागपञ्चमीका दिनदेखि बेनीमा विभिन्न नाचका साथै लाखे नाच देखाउने गरिन्छ । नेपाल भाषा मंकाखलको आयोजना तथा यूवा सङ्गठन ल्यामपुचको व्यवस्थापनमा सदरमुकाम बेनीबजारमा लाखे नाच सुरु गरिएको हो ।
घण्टाकर्ण चतुर्दशीका दिन परापूर्वकालमा समाजमा दुःख दिएको र विकृति फैलाएको भनिएको घण्टाकर्ण नाम गरेको राक्षसको प्रतिमालाई म्याग्दी नदी र कालीगण्डकीको दोभानमा लगेर विसर्जन गरिएपछि बेनीमा बर्खे नाच भएको हो ।
पति वियोगमा विक्षिप्त बनेकी घण्टाकर्णकी श्रीमतीको चरित्र लाखे नाचमा प्रदर्शन गरिन्छ । ठूलाठूला आँखा भएकी, दाह्रा निस्केकी, जगल्टा फिँजाएकी स्वरुपकी घण्टाकर्णकी श्रीमतीलाई लाखेको सङ्ज्ञा दिएर प्रदर्शन गरिने यो नाच बेनीमा प्रसिद्ध छ ।
हरितालिका तीजको दिनसम्म देखाइने विभिन्न नाचलाई बर्खे नाच भनिन्छ । साउन १३ गतेदेखि सुरु भएको बर्खे नाचअन्तर्गत भदौ १० गते हरितालिका तीजको दिनसम्म विभिन्न नाच देखाउने तयारी भएको नेपाल भाषा मंकाः खलः अन्तर्गतको ल्यामपुचःका पूर्वअध्यक्ष एवं उद्योग वाणिज्य सङ्घ म्याग्दीका अध्यक्ष सुविन श्रेष्ठले बताए । यही साउन ९ गते घण्टाकर्ण चतुर्दशीका दिन दानवको प्रतीक घण्टाकर्णको प्रतिमालाई कालीगण्डकी नदीमा विर्सजन गरेपछि बर्खे नाचका लागि तयारी सुरु गरिएको थियो ।
बेनीमा लाखे नाच, जोगी नाच, नागनागिनी नाच, श्रीकृष्ण रथयात्रासहित विविध नाच देखाइने गरिन्छ । जनशक्तिको अभाव हुन थालेपछि रोपाइँ नाच, हनुमान नाचलगायत धेरै जनशक्ति भएका नाचहरु भने नियमित हुन सकेका छैनन् ।
बर्खे नाचको सुरुवात लाखेको पति अर्थात् घण्टाकर्ण नामक राक्षसको पुत्ला दहन गरेर हुन्छ भने तीजको दिन साँझमा दानवीय स्वरूपको लाखेलाई भगवान् श्रीकृष्णरुपी शक्तिले बध गरेपछि यो नाचको अन्त्य गरिन्छ ।
हिन्दू धर्म ग्रन्थमा वर्णित द्वापरयुगमा भगवान् श्रीकृष्ण र उनका मामा कंशबीचको लडाइँको अभिनय गरी यो नाच नाच्ने गरिन्छ । नेपाल भाषा वंशावलीअनुसार लाखे नाचको चलन राजा गुणकामदेवले सुरु गरेको बताइए राजा प्रताप मल्लका पालादेखि मुकुट लगाएर लाखे नाच्ने गरिएको नेवार समुदायका अगुवाले बताएका छन् ।
बर्खे नाचअन्तर्गत लाखेनाच, घोडानाच, नागानागीनी नाच, श्रीकृष्ण र रथयात्रासहित विविध नाच देखाइने नेपाल भाषा मंका खलःका उपाक्ष्यक्ष कुबिरकुमार श्रेष्ठले बताए । बर्खे नाचअन्तर्गत जनैपूर्णिमाको दिन र भोलिपल्ट वर्षभरिमा दिवङ्गत भएका व्यक्तिको घरबाट उनीहरुको सम्झनामा सापरु अर्थात नागानागीनी नाच निकाल्ने चलन छ । बेनी बजारमा बस्ती बसेदेखि नै नेवार समुदायको सक्रियतामा बर्खे नाच देखाउँदै आएको पाइन्छ ।
ऐतिहासिक महत्व बोकेको यो नाचमा पछिल्लो समय बेनीका युवाले सक्रियतापूर्वक सहभागिता जनाउने गरेका छन् । घण्टाकर्ण पर्वको अवसरमा बेनीस्थित संगम चोकमा घण्टाकर्णको आकृति बनाएर बजार परिक्रमा गरी म्याग्दी र कालीगण्डकी नदीको दोबानमा लगेर बिसर्जन गर्ने परम्परा छ ।
तीजको दिनमा दानवीयस्वरुपको लाखेलाई भगवान श्रीकृष्णले बध गरेपछि असत्यमाथि सत्यको विजयी हुने सन्देशसहित यो नाच सकिने प्रचलन रहेको नेपाल भाषा मंका खलःका उपाध्यक्ष श्रेष्ठले जानकारी दिए ।रासस

# ‘बसेपनि शहरः गाउँकै खाने रहर’

**तनहुँ ।**
यहाँको म्याग्दे गाउँपालिकाले अग्र्यानिक उत्पादन र उपभोगमा जोड दिन ‘बसेपनि सहर गाउँकै खाने रहर’ को नीति ल्याएको छ । आगामी आर्थिक वर्ष २०८२/८३ मा लागू गर्ने नीति तथा कार्यक्रममा ‘बसेपनि सहर गाउँकै खाने रहर’ को नीतिअन्तर्गत अग्र्यानिक उत्पादन र उपभोगलाई जोड दिँदै कोदोको सेल, कोदोको मःमः, कोदोको बिस्कुट उत्पादन तथा बिक्री गरिने उल्लेख छ ।
नियमानुसार कोदोको रक्सी उत्पादन गर्नेलाई अनुदान सहायता प्रदान गर्ने नीति लिइएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताए । उनले स्थानीय कोदोको रक्सीलाई ब्रान्डिङ गर्ने नीति लिइएको उल्लेख गरे ।
स्थानीय उद्यमीले उत्पादन गरेको झोल साबुन, टोपी, अचार, गुन्द्रुक, मह, आदि गाउँपालिकाले खरिद गरी बिक्रीको व्यवस्था मिलाउने तथा व्यावसायिक रुपमा दुधालु गाई तथा भैंसी खरिद गरी दूध र दुधजन्य उत्पादन गर्ने किसानलाई लागत साझेदारीमा गाई तथा भैंसी खरिद अनुदान उपलब्ध गराइने श्रेष्ठले बताए ।
गाउँपालिकाले विभिन्न क्षेत्रमा अनुदान दिनका लागि ४० लाख रुपैयाँ बजेट छुट्याएको छ । उपाध्यक्ष बालकृष्ण घिमिरेका अनुसार एचआइभी सङ्क्रमितलाई मासिक रु एक हजार भत्ता उपलब्ध गराइनेछ । त्यस्तै गम्भीर मनोसामाजिक पीडितलाई मासिक एक हजार रुपैयाँ भत्ता उपलब्ध गराइने बताउँदै घिमिरेले अन्तरजातीय दाइजोमुक्त जोडीलाई ५० हजार रुपैयाँ अनुदान दिइने बताए । त्यस्तै गाउँपालिकाको लोगोसहित सगरमाथा आरोहण गर्ने युवालाई पाँच लाख रुपैयाँ प्रोत्साहन, अति गरिब तथा विपन्नलाई विद्युत महशुलमा तीन हजार रुपैयाँ छुटको व्यवस्था गरिएको छ । रासस

# चार महिनामा एक हजारभन्दा बढी आगलागीका घटना

**काठमाडौँ ।**
गत वैशाखदेखि हालसम्म एक हजार ११ वटा आगलागीका घटना भएका छन् । आगलागीमा परेर १५ जनाको निधन भएको छ भने १४४ जना घाइते भएका छन् । त्यसबाट एक हजार १२४ घर परिवार प्रभावित भएका छन् ।
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार गत वैशाखदेखि हालसम्म विपदजन्य दुई हजार ४५६ घटना भएका छन् । प्राधिकरणका अनुसार सो अवधिमा २४३ वटा चट्याङको घटना रेकर्ड भएको छ । चट्याङमा परेर २८ जनाको ज्यान गएको छ । एक सय ६९ जना घाइते हुँदा चट्याङका कारण दुइ सय ८३ घरपरिवार प्रभावित भएका छन् ।
सो अवधिमा सर्पदंशका ६६ घटना हुँदा आठ जनाको ज्यान गएको छ भने कुल ६४ जना घाइते हुँदा ७३ परिवार प्रभावित भएका छन् । जनावर आक्रमणका मात्रै एक सय ३४ घटना हुँदा १२ जनाको ज्यान गएको छ । कूल ६२ जना घाइते हुँदा दुई सय छ परिवार प्रभावित भएका छन् । लेक लागेर १२ जना, हावाहुरीका कारण १२ जनाको ज्यान गएको छ ।
यस्तै, पहिरोका मात्रै २४१ घटना हुँदा १२ जनाको निधन भएको छ ।
हावाहुरीका कारण २७६ घटना हुँदा आठ जनाको ज्यान गएको प्राधिकरणले जनाएको छ । मंगलबार मात्रै बाढीका आठ, पहिरोका १६, आगलागीका पाँच, जनावर आक्रमणका तीन घटना भएका छन् । रासस

# हेटौँडाको न्यायिक समितिः एक वर्षमा १४३ उजुरी फछ्र्यौंट

**बागमती ।**
हेटौँडा उपमहानगरपालिकामा गठन भएको न्यायिक समितिले एक वर्षमा १४३ उजुरी फछ्र्यौंट गरेको छ । उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको संयोजकत्वमा गठित समितिले मेलमिलापको सिद्धान्तमा आधारित भएर मुद्दा किनारा लगाएको हो ।
स्थानीय तहका विवाद स्थानीय तहमै मेलमिलापका माध्यमबाट समाधान गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरिएको छ ।
समितिमा आर्थिक वर्ष २०८१/८२ मा नयाँ दर्ता भएका २४७ वटा उजुरी र पुराना ४४ वटा गरी २९१ उजुरीमध्ये १४३ वटा फछ्र्योट भएका उपप्रमुख बानियाँले बताए । समितिले ४५ वटा उजुरीको निरुपण अदालतबाट हुनुपर्ने राय दिइएको, नौवटा उजुरी अन्य न्यायिक निकायमा पठाइएको, २० वटा उजुरी निष्क्रिय भएको र १२ वटा निवेदन फिर्ता भएका छन् । उपमहानगर पालिकामा आव २०७४/७५ देखि नै न्यायिक समिति गठन भएको हो । त्यसयता दर्ता भएका एक हजार २५४ उजुरीमध्ये ७४३ वटा फछ्र्यौंट भएका छन् । रासस


# घट्यो भरतपुर अस्पतालमा प्रसूति सेवा लिनेको सङ्ख्या

चितवन ।
भरतपुर अस्पतालमा सेवा लिनेको सङ्ख्या क्रमशः घट्दो क्रममा रहेको छ । काठमाडौँको परोपकार प्रसूतिगृहपछि सबैभन्दा बढी प्रसूति सेवा दिने सो अस्पतालमा कुनै बेला वार्षिक १६ हजार हाराहारीले सेवा लिएका थिए ।
अस्पतालका प्रसूति तथा स्त्रीरोग विशेषज्ञ एवं विभागीय प्रमुख प्रा डा सुनिलमणि पोखरेल अस्पतालमा गत आव २०८१÷८२ मा आठ हजार ३१८ गर्भवतीले प्रसूति सेवा लिएको जानकारी दिए । यसमध्ये चार हजार ३८३ (५२ दशमलव ४५ प्रतिशत)को सामान्य प्रसूति (नर्मल डेलिभरी), तीन हजार ७६७ जना (४५ दशमलव २८ प्रतिशत)को शल्यक्रिया (सिजेरियन डेलिभरी) र १८८ (२ दशमलव २६ प्रतिशत)को जटिल प्रसूति भएको थियो । अघिल्लो आव २०८०÷ ८१ मा नौ हजार ३५५ र त्यसअघि आव २०७९ ÷८० मा ११ हजार ८९४ गर्भवतीले प्रसूति सेवा लिएका थिए ।
डा पोखरेलले भने, ‘केही वर्षअघि वार्षिक १६ हजारसम्मले यहाँ सेवा लिएका थिए । अहिले क्रमशः घट्ने क्रममा गएको छ ।’ देशभरकै तथ्याङ्कमा ३० प्रतिशत हाराहारी घटेको भन्दै उनले बच्चा जन्माउने उमेरका युवायुवती विदेशिएको बताए ।
विगतमा गाउँगाउँ र छिमेकी जिल्लाबाट प्रसूति सेवा लिन आउनेको सङ्ख्या धेरै हुने गरेको भन्दै डा पोखरेले पछिल्लो समय जिल्ला र नगरहरुमा प्रसूति सेवा विस्तार भएसँगै भरतपुर अस्पतालको चाप घटेको बताए । रासस

# सरकारी जागिर छोडेका पौडेल नाम र दामसहित प्रेरणाको स्रोत बन्दै

**चितवन ।**
उद्यमी, व्यवसायी तथा इमानदारीपूर्वक काम गर्नेका लागि नेपाल नेपाल उर्वरभूमि रहेको दृष्टान्त अनेकौँ भेटिन्छन् ।
देशका सिर्जनशील एवं महत्वाकांक्षी युवाहरू पछिल्ला दिनमा जागिर खाने वा विदेशमा रमाउनेभन्दा स्वदेशमै विभिन्न पेसा व्यवसाय तथा उद्यमतर्फ आकर्षित भएको देखिन्छ ।
हुँदाखाँदाको शिक्षक पेसासहित सरकारी जागिर छोडी तथा विदेशबाट फर्की आधुनिक तरिकाले सागसब्जीखेती गर्ने वा अन्य पेसामा रमाउँदै राम्रो आयआर्जन गर्नेहरू पनि अहिले त्यतिकै भेटिन्छन् । आआफ्नो गाउँठाउँमा यसरी राम्रो गरेको देखेर त्यसैको सिको गरी विभिन्न पेसा व्यवसायबाट लाभान्वित हुनेहरू पनि प्रसस्त देखिन्छन् ।

यसै सन्दर्भमा पूर्व–पश्चिम राजमार्गअन्तर्गत देशकै करिब मध्यभागमा अवस्थित चितवनको भरतपुरसहित आसपासका क्षेत्रमा गच्छेअनुसारको पेसा व्यवसाय गरी आमसर्वसाधारणका लागि प्रेरणाको स्रोत बन्न सफल अनेकौँ उदाहरणीय भेटिन्छन् । विशेषगरी शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, उद्यागधन्दा, व्यापार व्यवसायमा लगानी गर्ने अधिकांश व्यक्ति आफ्नो आर्थिक तथा सामाजिक हैसियत उच्च बनाइ प्रेरणाको स्रोत बन्न सफल भएका छन् ।
यसैमध्येको एक हुन् चितवन भरतपुरका प्राविधिक धारका युवा दिनेश पौडेल । भरतपुरस्थित सरकारी अस्पतालको पाँच वर्षको जागिरपछि पेसा बदलेका फार्मेसी विषयका स्नातक पौडेल यस क्षेत्रका युवाका लागि प्रेरणाका स्रोत भएको भनी भरतपुरवासी गर्व गर्दछन् ।
भरतपुर महानगरपालिका–६ इन्द्रपुरीका पौडेल भरतपुरको चौबीसकोठीमा फार्मेसी पसल खोली औषधि व्यापारबाट मनग्गे आम्दानी गर्न सफल भएका छन । औषधिको क्षेत्रमा अध्ययनसहित लामो समय काम गर्नुभएका पौडेल चिकित्सकबाट सिफारिस भईआएका औषधिको व्यवस्था गरी बिरामीलाई सक्दो सहयोग गर्ने काममा अहोरात्र खटिरहेका छन् ।
विसं २०६५ मा प्रेमबस्ती माविबाट एसएलसी उत्तीर्ण हुनुभएका पौडेलले ‘स्कूल अफ हेल्थ साइन्स’ भरतपुरबाट ‘डिप्लोमा इन फार्मेसी’ उत्तीर्ण गरे । त्यसपछि ‘मेडिकल एण्ड टेक्निकल कलेज’बाट फार्मेसीमा स्नातक उत्तीर्ण गरे ।
स्नातक गर्नुअघि नै विसं २०७२ देखि उनले भरतपुर अस्पतालको फार्मेसीमा जागिरेका रुपमा काम गरे ।



अस्पताल विकास समितिको मातहतमा पाँच वर्ष सेवा गरे । त्यसपछि जागिरबाट भन्दा आफैँले व्यवसाय गर्नुपर्छ भन्ने सोचेर उनले जागिर छोडे ।
पाँच वर्षअघिदेखि भरतपुरको चौबीसकोठीमा साङ्गाई मेडिकल हल सञ्चालन गरेर पौडेलले व्यापार सुरु गरे । योसँगै औषधिको होलसेल व्यापारका लागि फार्मेसी पनि सुरु गरे । पौडेलले भने ‘जम्मा पाँच लाख रुपैयाँ लगानी गरेको मेडिकलमा अहिले एक करोड रुपैयाँ भन्दा बढी लगानी भइसकेको छ ।’ फार्मेसीमा विज्ञता हासिल गरेकाले उनकोमा धेरै बिरामी औषधि किन्न आउँछन् । त्यसो त अरु फार्मेसीमा डाक्टरले लेखेको नबुझेपछि पुर्जा (प्रेस्क्रिप्सन) बोकेर बिरामी आफूकहाँ आउने गरेको उनि बताउछन ।
पौडेलले भने, ‘नेपालका ७७ जिल्ला र भारतमा लेखिएका पुर्जा समेत बोकेर म कहाँ औषधि लिन आउँछन् ।’ अन्यत्र नपाइने औषधि आफूकहाँ रहेकाले पनि बिहान सबेरैदेखि राति अबेरसम्म औषधि किन्नेको भीड लाग्ने गरेको उनले बताए । पौडेलले भने, ‘म कहाँ नेपालका जुनसुकै डाक्टरले लेखेको औषधि पाइन्छ, अपवादबाहेक कोही पनि रित्तो हात फर्कनुपर्दैन ।’
औषधिको ‘होलसेल’ व्यापारमा पनि उनि सन्तुष्ट छन । उनको औषधि पसलबाट १५ वटा नेपाली उद्योग र सात वटा भारतीय उद्योगको थोक व्यापार हुने गरेको छ । पौडेलले भने, ‘नेपालमा विशेषगरी प्राविधिक विषय पढेकाहरु विदेश जानुपर्दैन, लगानी र कामका लागि यही नेपालमा जस्तो सम्भावना अन्यत्र छैन, स्वदेशमै उद्यम गरी रोजगारीको वातावरा निर्माण गरौँ, यसैमा हामी सबैको कल्याण छ ।’रासस

# कोशीमा दुई दशकमा हात्तीको आक्रमणबाट १७ जनाको मृत्यु

**झापा ।**
कोशी प्रदेशमा दुई दशकमा हात्तीको आक्रमणबाट ९७ जनाको मृत्यु भएको छ भने ४१ वटा हात्ती मरेका प्रदेश वन निर्देशनालय धरानले जनाएको छ ।
निर्देशनालयका प्रमुख डा इन्द्रप्रसाद सापकोटाका अनुसार आर्थिक वर्ष २०६२/६३ देखि चालु आर्थिक वर्षको हालसम्ममा झापा, मोरङ, सुनसरी, उदयपुर र इलाममा हात्ती आक्रमणबाट उक्त मानवीय क्षति भएको हो । सोही अवधिमा ८७ जना गम्भीर र १५ जना सामान्य घाइते भएका उनले जानकारी दिए ।
उनले प्रदेशका पाँच जिल्लामध्ये हात्तीको आक्रमणमा ज्यान गुमाउनेमा सबैभन्दा बढी झापामा रहेका बताए । छिमेकी मुलुक भारतबाट आउने हात्तीको प्रवेश विन्दु झापा भएकाले पनि बढी जनधनको क्षति हुने गरेको उनले उल्लेख गरे । उनका अनुसार झापामा ७२, मोरङमा १७, सुनसरीमा सात र इलामका एक जनाको हात्तीको आक्रमणबाट मृत्यु भएको छ ।
प्रमुख डा सापकोटाले सोही



अवधिमा झापामा २५, मोरङमा नौ, सुनसरीमा छ र उदयपुरमा एउटा हात्ती मरेका जानकारी दिए । ‘सरकारको ठूलो धनराशि वन्यजन्तु संरक्षण, मानवीय क्षतिपूर्ति तथा राहत, कृषिबालीको क्षतिपूर्तिलगायतमा खर्च भइरहेको छ’, उनले भने, ‘स्थानीयले पनि वन्यजन्तुसँगको द्वन्द्वमा सतर्कता अपनाउनु जरुरी छ ।’ उनले सरकार जति नै स्थानीय पनि गम्भीर हुने हो भने मानव–हात्ती द्वन्द्व न्यूनीकरण हुने विश्वास व्यक्त गरे ।
हात्ती आक्रमणबाट ज्यान गुमाउनेलाई सङ्घीय सरकारले १० लाख रुपैयाँ क्षतिपूर्तिस्वरुप प्रदान गर्दै आएको छ । घाइतेलाई उपचारका लागि २५ हजार रुपैयाँ देखि एक लाख रुपैयाँ सम्म उपलब्ध गराउँदै आइएको निर्देशनालयका प्रमुख डा सापकोटाले जानकारी दिए । उनले प्रदेश सरकारले मानव–हात्ती द्वन्द्व न्यूनीकरणका लागि चालु आर्थिक वर्षमा हात्ती प्रभावित क्षेत्रमा बाली बिमा कार्यक्रमका लागि ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको बताए । डिभिजन वन कार्यालयमार्फत स्थानीय सरकारसँग समन्वय गरी बजेट विनियोजन गरेको हो’, डा सापकोटाले भने, ‘कार्यक्रमको प्रभावकारिता र सम्भावना कस्तो रहन्छ त्यो हेरेर आगामी दिनमा सङ्घीय सरकारसँग यसको दिगोपना एवं कानुनी प्रावधानका सन्दर्भमा सहजीकरणका लागि अनुरोध गर्नेछौं । रासस

# वीरगंजबाट भित्रिए ६८ हजार ७४३ सवारीसाधन



**वीरगंज ।**
गत आर्थिक वर्षमा वीरगञ्ज नाकाबाट ६८ हजार ७४३ सवारीसाधन भित्रिएका छन् । वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेका अनुसार सो अवधिमा इन्धनबाट चल्ने अन एसेम्वल्ड मोटरसाइकलदेखि क्रेनलहरीसम्मका ६८ हजार ७४३ वटा सवारीसाधन आयात भएका हुन् । सवारीसाधनको आयातबाट दोस्रो धेरै राजस्व सङ्कलन हुँदै आइरहेको छ । गत आवभरिमा इन्धनबाट चल्ने सवारीसाधनबाट मात्र १७ अर्ब ३१ करोड रुपैयाँ राजस्व सङ्कलन भएका छन ।
गत आवमा ६ अर्ब ६० करोड रुपैयाँ मूल्यका ५० हजार २९१ वटा अनएसेम्वल्ड मोटरसाइकल आयात भएका छन् । ती सवारी आयातबाट यस नाकाले ६ अर्ब ३१ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ । गत आवमा दुई अर्ब ९४ करोड रुपैयाँ मूल्यका एक हजार ४५४ वटा अन्य बस तथा ट्रकका चेसिस आयात भएका छन् ।
त्यसैगरी, सोही अवधिमा दुई अर्ब एक करोड रुपैयाँ मूल्यका नौ सय १२ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएका छन् । गत आवमानै एक अर्ब ३७ करोड रुपैयाँ मूल्यका पाँच हजार ७३५ वटा ट्रयाक्टर तथा ट्रिलर आयात भएका छन् ।
सोही अवधिमा एक अर्ब ११ करोड रुपैयाँ मूल्य पर्ने ४१७ वटा इन्धनबाट चल्ने बस यहाँ भित्रिएका छन् । सोही अवधिमा ७१ करोड रुपैयाँका एक सय ३९ वटा क्रङ्क्रिट मिश्रण लहरी आयात भएका छन् भने ७४ करोड रुपैयाँको तीन सय १२ वटा ट्रक, मिनी ट्रक आयात भएका छन् । त्यसैगरी, सोही अवधिमा ४३ करोड ३१ लाख रुपैयाँ मूल्यका चार हजार ६४६ वटा मोटरसाइकल आयात भएका छन् । वीरगंज नाका हुँदै गत आवमा एक अर्ब ६४ करोड रुपैयाँ मूल्यका साना–ठूला दुई हजार ३३७ वटा विद्युतीय सवारीसाधन आयात भएका थिए । वीरगंज भन्सारले गत वर्ष विद्युतीय सवारीसाधन आयातबाट एक अर्ब ८० करोड ४५ लाख रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । रासस

# मधेश कृषि विश्वविद्यालयको पठनपाठन चार दिनदेखि ठप्प

**मनोज माझी**
**सप्तरी ।**
त्रुटिपूर्ण निर्णय सच्याउन तथा शैक्षिक सुधारका विभिन्न माग अघि सार्दै राजविराजस्थित मधेश कृषि विश्वजिद्यालयमा विद्यार्थीहरुद्वारा गरिएको तालाबन्दी लगातार चौथो दिन बुधबार पनि जारी रह्यो । जसकारण पठनपाठन पूर्णरूपले ठप्प भई डेढ सय भन्दा बढी बिद्यार्थीको शैक्षिक भविष्य अन्योलमा परेको छ । लगातार चारदिनदेखि तालाबन्दी जारी रहँदा पनि विश्वविद्यालय प्रशासनले आफुहरुको माँग पुरा गर्नेतर्फ कुनै चासो नदेखाएको भन्दै आक्रोशित बिद्यार्थीहरूले बुधबार नगरमा प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालय सप्तरीमार्फत मधेश प्रदेशका मुख्यमन्त्री, विश्वविद्यालयका उपकुलपति, रजिस्ट्रार तथा जिल्ला प्रहरी कार्यालय लगायतका सरोकारवाला निकायमा ज्ञापनपत्र पठाएका छन् । आन्दोलनरत बिद्यार्थीहरूको एक समूह जिल्ला प्रशासन कार्यालय पुगेर प्रशासकिय अधिकृत दिपेन्द्र



कुमार पासवानमार्फत उक्त निकायमा ज्ञापनपत्र पठाएका छन् । ज्ञापनपत्रमा विश्वविद्यालयमा विद्यमान समस्याहरूलाई लिएर पटकपटक विश्वविद्यालयका जिम्मेवार अधिकारीहरूको लिखित र मौखिक रूपमा ध्यानाकर्षण गराउँदा पनि समाधानका लागि कुनै पहल नगरिएको उल्लेख गरिएको छ । विश्वविद्यालय प्रशासनले समस्या समाधान गर्नुको सट्टा ताला खोल्न दबाब र धाकधम्की दिन थालेको दोषारोपण गर्दै ज्ञापनपत्रमार्फत आफुहरूको जायज माग अबिलम्व सम्बोधन नगरिए आन्दोलनका थप सशक्त कार्यक्रमहरू अघि बढाइने तथा यसबाट उत्पन्न हुने असहज परिस्थितिको सम्पूर्ण जिम्मेवारी सम्बन्धित निकायले नै लिनुपर्ने चेतावनी समेत दिइएको छ । शैक्षिक वातावरणमैत्री कक्षाकोठाको व्यवस्था, निर्धारित भन्दा बढी लिएको शुल्क फिर्ता, लिएको शुल्कको नगदी रसिद उपलब्ध गराउनुपर्ने, कक्षाकोठामा आवश्यकता अनुसारको डेस्क बेन्चको व्यवस्था तथा बिग्रिएको अवस्थामा रहेका पंखाहरू मर्मत लगायतका माग राखि बिद्यार्थीहरूले आइतबार विश्वविद्यालयको शैक्षिक भवनमा तालवन्दी गरेका थिए । उनीहरूले माग पूरा नभएसम्म ताला नखोल्ने अडान लिएका छन् । विश्वविद्यालयका रजिस्ट्रार भगवान ठाकुरले आन्दोलनरत बिद्यार्थीहरूसँग वार्ता गरि समस्या समाधानको प्रयास भइरहेको बताएका छन् ।

# सिरहामा ८० वर्षीय वृद्धको हत्या

**सिरहा ।**
सिरहा जिल्लाको धनगढीमाई नगरपालिका–११ आमचोकमा ८० वर्षीय फनिलाल यादवको आफ्नै घरमा सुतिरहेको अवस्थामा धारिलो हतियार प्रहार गरी हत्या गरिएको छ । मङ्गलबार राति यादवमाथि अज्ञात समूहले टाउकोमा धारिलो हतियारले आक्रमण गरेका मृतकका छोरा कपिलदेव यादवले जानकारी दिए । ‘घरमा सुतिरहेकै बेला बुबामाथि आक्रमणमा भएको हुनसक्छ । बिहान अबेरसम्म नउठेपछि खोजी गर्ने क्रममा उनलाई गम्भीर घाइते अवस्थामा फेला पारेका थियौँ’, उनले भने । घटनापछि उनलाई लहानस्थित प्रादेशिक अस्पताल लगिएकामा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिए ।



यसैबीच, प्रहरी घटनास्थलमा ढिलो पुगेको भन्दै आक्रोशित स्थानीयले पूर्व–पश्चिम राजमार्गअन्तर्गत धनगढी बजार क्षेत्रमा टायर बालेर करिब एक घण्टा सडक अवरुद्ध गरेका थिए । प्रहरी नायब उपरीक्षक पासवानका अनुसार घटनाको प्रारम्भिक अनुसन्धानका क्रममा पारिवारिक विवाद वा पुरानो झगडाको आशङ्का गरिएको छ । उनले भने, ‘हत्यासम्बन्धी घटनाको अनुसन्धान तीव्र पारिएको छ, दोषी पहिचान भएसँगै कानुनी कारबाही प्रक्रिया अघि बढाइनेछ ।’ रासस

# मधेशमा देखिएको जलसंकट सरकारको गलत नीतिको परिणामः उपेन्द्र यादव

**मधेशदृष्टि**
**सप्तरी ।**
जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले चुरे विनाशका कारण अहिले मधेशमा जलसंकट देखिएको भन्दै सरकारको गलत नीति नै त्यसको प्रमुख कारक रहेको कुरा बताएका छन् । बुधबार राजविराजमा जसपा नेपाल सप्तरीको एकताको प्रथम जिल्ला अधिवेशनको उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् । ‘चुरे विनाशका कारण मधेशका अन्नदाता किसान अहिले आफै त्राहिमाम अवस्थामा छन्,’ उनले भने, ‘चुरे विनाशले गर्दा उत्पन्न जल संकट नै त्यसको प्रमुख कारण हो ।’ अन्तर्राष्ट्रिय संस्था युनेस्कोले धेरै वर्ष पहिले नै चुरे संरक्षण नगरे पानीको संकट आउने भनी सचेत गराएको सुनाउँदै नेता यादवले त्यस विपरीत सरकारले गलत नीति अख्तियार गरि चुरेको दोहन जारी राख्दा अहिलेको संकट आएको आरोप लगाए । चुरे क्षेत्रको विनाश र त्यसकै नजिकबाट




राजमार्ग निर्माण गरि बसोवासका नाममा चुरे क्षेत्रको अतिक्रमण गरेका कारणले भूमिगत जलश्रोतको मुख्य आधारका रुपमा रहेको चुरेको विनाश हुँदै गएको उनको भनाइ थियो । ‘पहिले १०/१५ फिट खन्दा भेटिने जमिन मुनीको पानी अहिले ४ सय फिट मुनी पनि भेट्न कठिन भइसको छ’, उनले प्रश्न गरे, ‘यस्तै अवस्था रहने हो भने केही वर्षपछि समस्या कति विकराल बन्ला भन्ने कुरा सरकारले सोचेको छ की छैन् ?’ अध्यक्ष यादवले अर्बौंको विदेशी सहायता आउँदा समेत सरकारको गलत नीतिले चुरेको संरक्षण नभएर मधेशमा मरुभूमीकरणको खतरा बढेको टिप्पणी गरे । कार्यक्रममा सप्तरीको मलेठ घटनाका शहीद परिवारलाई सम्मान तथा पार्टीको पक्षमा प्रचारात्मक सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो । जसपा नेपाल सप्तरीका अध्यक्ष केदार प्रसाद यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधिले अधिवेशन सफलताको शुभकामना दिएका थिए । सो अवसरमा जसपा नेपालका केन्द्रिय नेता मृगेन्द्रकुमार सिंह यादव, शैलेन्द्र प्रसाद साह, मनिष सुमन, प्रदेश सांसद किरण कुमारी साह, अनिरुद्ध प्रसाद सिंह यादव, महिला नेतृ रमिलादेवी साह, प्रदेश अध्यक्ष बालकिशोर यादव लगायतले पनि शुभकामना दिएका थिए । तिन दिनसम्म चल्ने अधिवेशनले जिल्ला कार्यसमितिका लागि नयाँ नेतृत्व समेत चयन गर्ने तय भएको पार्टीले जनाएको छ ।

# डिपबोरिङले तराई मरुभूमि बन्ने खतरा वैकल्पिक उपायमा जोड

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशमा खडेरीका कारण हुनसक्ने खाद्य संकट समाधानका लागि कृषि बाली परिवर्तन गर्न विज्ञहरूले सुझाव दिएका छन् । मधेश लगायत मुलुकका अधिकांश तराई क्षेत्रमा मनसुनको समयमा धान खेती हुँदै आएकामा खडेरीले रोपाइँमा समस्या भएको छ । कृषि विज्ञ डा. कृष्ण पौडेलका अनुसार कारण खडेरीका कारण खाद्य सुरक्षामा नै जोखिम बढ्ने र सुक्खा स्थान अनुकूल खेती गर्नुपर्ने आवश्यकता छ । पौडेलले मधेश तथा तराई क्षेत्रमा देखिएको खडेरीको समस्या आकस्मिक नभएको बताए । कृषि क्षेत्रमा प्रयोग गरिएको विषादी र



रसायनले माटोको उर्वर शक्ति गुमाएको र त्यसले वातावरण तातो बनाएर हालको खडेरीको समस्या निम्तिएको डा. पौडेलको भनाइ छ । सोही कारण आगामी दिनमा कृषि प्रणाली परिवर्तन गरि तराई क्षेत्रको वातारण चिसो बनाउन हरियाली कायम गर्नेतर्फ अग्रसर हुनुपर्ने उनको भनाइ छ । कृषि बालीमा सिर्जित समस्या समाधानका लागि भन्दै सरकारले घोषणा गरेको डिप बोरिङ बनाउने घोषणाले तराईलाई मरुभूमि बनाउनसक्ने भएकाले वैकल्पिक उपायतर्फ लाग्नुपर्ने उनको भनाइ छ । यस्तै, कार्यक्रममा वरिष्ठ अधिवक्ता पदमबहादुर श्रेष्ठले जलवायु परिवर्तनबाट मानव मात्र नभई वन्यजन्तु र वनस्पतीसमेत प्रभावित भएकाले ती क्षेत्रका मुद्दा समेत उजागर हुनुपर्ने बताए । जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय अदालतले वन्यजन्तु र वनस्पतिको मुद्दा उठाउन बाटो देखाएको उनले बताए । यस्तै, अर्का वरिष्ठ अधिवक्ता राजु चापागाईंले जलवायु न्यायका लागि सरकार लगायत सरोकारवालाले भावी पुस्ताको अधिकारको समेत ध्यान दिनुपर्ने बताए । दुई पुस्ताबीचको अन्तरसम्बन्ध मजबुत बनाउन समेत जलवायु परिवर्तनका मुद्दा सम्बोधन गर्नुपर्ने वरिष्ठ अधिवक्ता चापागाईंको भनाइ छ । सञ्चारीका समूहकी अध्यक्ष कमला पन्थीले जलवायू न्यायबाट विशेषगरी महिलाहरू प्रभावित भएको बताइन् । सुक्खा भएसँगै पानीका लागि लामो यात्रा गर्दा महिलाहरु प्रभावित हुने गरेको उनको भनाइ छ ।

# अहिराजलाई थुनामा पठाउने आदेश



**मधेशदृष्टि**
**काठमाडौँ ।**
मधेश प्रदेशका पूर्वप्रमुख राजेश अहिराजलाई बलात्कार आरोपमा पुर्पक्षका लागि थुनामा पठाउने आदेश जिल्ला अदालत काठमाडौंले दिएको छ । जिल्ला अदालत काठमाडौंका न्यायाधीश पिताम्बर शर्माको इजलासले पुर्पक्षका लागि थुनामा पठाउने आदेश जारी गरेसँगै उनलाई डिल्लीबजार कारागार चलान गरिएको हो । २०७८ सालमा मधेश प्रदेशको प्रमुख पद सम्हालेका अहिराजमाथि एक महिलाले बलात्कारको आरोप लगाउँदै जाहेरी दिएकी थिइन् । जाहेरीका अनुसार २०८१ जेठ ४ गते काठमाडौंको नयाँ बानेश्वरस्थित डेरामा उनले बलात्कार गरेको भनिएको छ । साउन ४ गते पक्राउ परेका अहिराजमाथि ९ दिनभित्रै प्रहरी अनुसन्धान प्रतिवेदनका आधारमा काठमाडौं जिल्ला सरकारी वकिल कार्यालयमार्फत अदालतमा मुद्दा दायर गरिएको थियो । पूर्वप्रदेश प्रमुख अहिराजले भने आफूविरुद्ध बलात्कारको जाहेरी दिने युवतीविरुद्ध पनि प्रतिआरोपसहित मुद्दा दायर गरिसकेको दाबी गरेका छन् । घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन